म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २१२ बिहीबार, २९ फागुन २०८१ ने. सं. ११४५ चिल्लाथ्व 13 March 2025 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## फागुपूर्णिमाको शुभकामना

रङ नै रङको पर्व फागुपूर्णिमा अर्थात् होलीको उपलक्ष्यमा हाम्रा समस्त पाठक, ग्राहक, विज्ञापनदाता, कर्मचारी तथा शुभेच्छुकमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साथै, होलीको अवसरमा आज एक दिन कार्यालय बिदा हुने भएकोले हाम्रो भेट चैत २ गते शनिबार हुनेछ ।

साझाकुरा राष्ट्रिय दैनिक परिवार

### राजस्व सुधारका लागि गठन गरेको समितिले काम थाल्यो

# ३ महिनाभित्र प्रतिवेदन मन्त्रालयमा बुझाउने

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ बागमती प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले राजस्व सुधारका लागि गठन गरेको अध्ययन समितिले काम थालेको छ ।

राजस्व सुधार समितिको प्रारम्भिक प्रतिवेदन तथा अध्ययन ढाँचा, विधिलगायतका विषयमा आर्थिक मामिला तथा योजनामन्त्री कुन्दनराज काफ्ले, प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा.गंगादत्त नेपाल, प्रदेशका सचिव महादेव पन्थलगायत प्रदेश सचिव र कर्मचारीसँग समितिले छलफल गरेको हो । समितिसँगको छलफलमा प्रदेशका सचिव तथा कार्यालय प्रमुखहरुले प्रदेशको आवश्यकता र भूगोल अनुकूल योजना निर्माण गर्नुपर्नेमा जोड दिएका छन् । उनीहरुले प्रयोगमा नआउने आयोजनामा सरकारको लगानी भइरहेको अवस्थालाई सुधार गर्नुपर्ने बताए ।

आन्तरिक स्रोतलाई बलियो बनाउन क्षेत्रपहिचान गरी प्रदेशको सम्भावना निर्धारण गर्नुपर्ने उनीहरुको भनाइ थियो । विद्युतीय सवारीसाधन, विज्ञापन, मनोरञ्जन करलाई व्यवस्थापन गर्नुपर्ने उनीहरुको सुझाव छ । प्रदेशको एकल अधिकारमा रहेको कृषिक्षेत्रलाई करको दायरामा ल्याउन कृषि आयोगसँग समन्वय, कृषिफर्म कम्पनी मोडलमा असंगठित कृषकलाई



समेट्ने र अनौपचारिक क्षेत्रमा छरिएर रहेका करदातालाई औपचारि कक्षेत्रमा समेट्ने योजना आवश्यक रहेको विषयमा छलफल भएको थियो ।

छलफलमा समितिका संयोजक किशोरजंग कार्कीले डिजिटल प्लेटफर्मलाई करको दायरामा ल्याउनुपर्ने बताए । उनले पछिल्लो समय उच्चरुपमा प्रयोगमा आइरहेको युट्युव, अनलाइन, टिकटक लगायत मनोरञ्जनात्मक प्लेटफर्मलाई प्रदेशको राजस्वको क्षेत्रमा समावेश गर्नुपर्ने प्रस्ट पारे । स्थानीय तहलाई विज्ञापन तथा मनोरञ्जन कर संकलनमा प्रभावकारी बनाउने र कृषि आयको क्षेत्रमा रहेका समस्या समाधान गर्नेगरी अध्ययन गर्ने उनले बताए । आयोगका उपाध्यक्ष नेपालले बजेटलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्यअनुसार प्रदेश सरकार अघि बढेको बताए ।

उनले आगामी वर्षको बजेटमा समावेश गर्ने गरी समितिको प्रतिवेदन र प्रतिवेदनका योजना तयार गर्न जरुरी रहेको औंल्याए । बजेटलाई व्यवस्थित गर्न आयोजना बैंक सञ्चालनको तयारी रहेकाले समितिको प्रतिवेदनले थप सहजता मिल्ने उपाध्यक्ष नेपालले बताए । त्यसैगरी आर्थिक मामिला तथा योजनामन्त्री काफ्लेले आगामी बजेटमा समितिको प्रतिवेदनमा समेटिएका सुझाव कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त गरे । उनले प्रदेशका समस्या र चुनौतीलाई व्यवस्थापन गर्ने गरी अध्ययन गरिदिन समितिलाई आग्रह गरे ।

समितिले कर, गैरकरको आधार, दर, दायरा र प्रशासन अध्ययन, प्रदेशको कुल ग्राहस्थ उत्पादन र राजस्वको अवस्था, बजेट, नीति तथा कार्यक्रम एवम् प्रतिवेदन अध्ययन, राजस्व परिचालनमा सुधारका क्षेत्रपहिचान, ३ वर्षको राजस्व सुधार कार्ययोजना तर्जुमा र राजस्व प्रक्षेपणका क्षेत्रमा कार्यगत अध्ययन गर्नेछ । समुन्नत प्रदेश निर्माणको लागि राजस्वका स्रोत, संकलनको अवस्था, समस्या लगायत विषयको विश्लेषण गर्दै राजस्व परिचालनमा सुधार र नयाँक्षेत्र पहिचान तथा विस्तार गर्न समितिले अध्ययन थालेको हो । समितिले आगामी ३ महिनाभित्र आफ्नो अध्ययन प्रतिवेदन मन्त्रालयमा बुझाउने समितिका सदस्य प्रेम दवाडीले बताए ।

समितिले प्रदेशको राजस्वको विद्यमान अवस्था विश्लेषण गर्ने, राजस्व वृद्धि तथा परिचालन, राजस्व परिचालन क्षमता एवम् प्रभावकारिता अभिवृद्धि, राजस्व संकलनको नयाँ र लगानीका क्षेत्र पहिचान तथा कार्ययोजना तर्जुमा, आगामी ३ वर्षको राजस्वको प्रक्षेपण र राजस्व परिचालनमा तहगत सहकार्यको उपयुक्त संयन्त्र सिफारिस गर्ने उद्देश्य अनुसार काम थालेको हो । प्रदेशका प्रमुखसचिव महादेव पन्थका अनुसार प्रदेशको आन्तरिक आय सवारीसाधन रहेकाले सेवाप्रवाहलाई गुणस्तरीय बनाउने र राजस्व संकलन बढाउने गरी अघि बढ्नुपर्छ ।

मनोरञ्जन कर संकलन गर्न प्रदेश सरकारले चलचित्र सम्बन्धी ऐन निर्माणको तयारी गरेको उनको भनाइ छ । राजस्व सुधार समितिको अध्ययन प्रतिवेदनलाई आगामी आर्थिक वर्षको बजेटमा कार्यान्वयन गर्नेगरी आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश नीति तथा योजना आयोगको तयारी गरेका छन् ।

# थाहाको त्रिवेणी शंखमूललाई धार्मिक पर्यटकीय क्षेत्रमा विकास गरिने



साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ धार्मिक दस्तावेजको आधारमा थाहा नगरपालिकाको ३ नम्बर वडाको घट्टेचौरस्थित त्रिवेणी शंखमूललाई थाहा नगरपालिकाले धार्मिक पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने तयारी गरेको छ ।

शंखमूलको पौराणिक महत्वलाई संरक्षण र प्रवर्द्धन गर्दै पहिलोचरणमा स्थानीय अगुवाको भेला गरेर धार्मिक दस्तावेजमा उल्लेख भएका विषयमा संवाद गरेको नगरपालिकाले दोस्रोचरणमा छलफल तथा प्रवचन कार्यक्रम गरेको छ ।

थाहाको एतिहासिक धार्मिकक्षेत्र भद्रतीर्थ पाण्डुकेश्वर, त्रिवेणी शंखमुल, नारदतीर्थको महत्व र मोक्षधामको रुपमा बिस्तारको आवश्यकसम्बन्धी छलफल तथा प्रवचन कार्यक्रम गरिएको हो ।

छलफल कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले थाहा नगरपालिकामा बन्न लागेको बृहत् शंखमुलधामको लागि प्रदेश सरकारको तर्फबाट आर्थिक तथा नैतिक सहयोग रहने प्रतिबद्धता जनाए । सबैको हातेमालो भएमात्र निर्माणको काम सम्पन्न हुन सक्ने बताउदै मुख्यमन्त्री लामाले सबैको अपनत्वबाट मोक्षधामको निर्माण सम्पन्न गरी थाहा नगरपालिकालाई धार्मिक पर्यटनको रुपमा विकास गर्न सकिने उल्लेख गरेका छन् ।

काठमाडौंस्थित शान्तिधामका मठाधीश एकहजार आठ स्वामी चतुर्भुजाचार्य चूडामणि महाराजले त्रिवेणी शंखमूलको पौराणिक महत्वबारे जानकारी गराए । चूडामणि महाराजले धार्मिक ग्रन्थको आधारमा थाहाको शंखमूल विश्वकै पवित्रभूमि भएको उनले दाबी गरे । त्रिवेणी शंखमूल भएको ठाउँ पातालगंगा भएको धार्मिक दस्तावेजमा उल्लेख भएको उनको भनाइ छ ।

थाहानगरप्रमुख विष्णु बहादुर विष्टले चूडामणि महाराजले शंखमूलको धार्मिक महत्वबारे प्रमाणमा आधारित भएर बताएपछि अगाडि बढ्न सहज भएको बताए । शंखमूलबारे आफूले सुनेका कुरा प्रमाणकै रुपमा पाउँदा निर्धक्कताको महसुश भएको नगरप्रमुख विष्टको भनाई छ ।

शंखमूललाई धार्मिक क्षेत्रको रुपमा विकास गर्न बृहत्तर शंखमूल विकास समिति गठन गरेरै अघि बढ्ने नगरपालिकाको योजना रहेको उनले बताएका छन् ।

थाहानगरउपप्रमुख भरत गोपालीले त्रिवेणी शंखमूलको पूर्वाधारसँगै धार्मिक पर्यटनका हिसाबले विकास गरिने योजना प्रस्तुत गरेका थिए । पशुपतिनाथमा रहेको शंखमूल र मकवानपुरको थाहा नगरपालिकास्थित त्रिवेणी शंखमूल विश्वका प्रमुख तीन शक्तिशाली शंखमूलमध्येमा पर्छन् भने एउटा भारतमा रहेको बताइन्छ ।

# मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ मकवानपुरको बकैया गाउँपालिका-४ जुरेली बजारस्थित मदन भण्डारी लोकमार्गमा मोटरसाइकल दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ ।

प्रहरीका अनुसार मंगलबार राति करिब २ बजे हात्तीसुँडेबाट ठूलोदमारतर्फ जाँदै गरेको बा ४० प ५३०६ नम्बरको मोटरसाइकल अनियन्त्रित भई दुर्घटनामा परेको थियो ।

दुर्घटनामा परेर बकैया गाउँपालिका-४ का ३३ वर्षीय रुपक दियाली गम्भीर घाइते भएका थिए । घटनापछि उनलाई तत्कालै बकैया अस्पताल पुऱ्याइएको थियो । तर, थप उपचारका लागि हेटौंडा अस्पताल पठाइएपछि बुधबार बिहान करिब ४:३० बजे चिकित्सकले मृतघोषणा गरेका हुन् । हाल दुर्घटनाबारे थप अनुसन्धान भइरहेको मकवानपुर प्रहरीले जनाएको छ ।

# पत्रकार महासंघमा होलीमिलन हुने

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ होलीपर्वको अवसरमा फागुन २९ गते आज विभिन्न संघसंस्थालगायत सञ्चार माध्यमले होलीमिलन कार्यक्रम गर्ने भएको छ ।

नेपाल पत्रकार महासंघ मकवानपुर शाखाले विगतका वर्ष जस्तै यसवर्ष पनि होलीमिलन कार्यक्रम गर्ने भएको छ । बिहान ८ बजेदेखि महासंघको परिसरमा होलीमिलन कार्यक्रम सहित शुभकामना आदानप्रदान गर्ने कार्यक्रम रहेको महासंघका अध्यक्ष बालकृष्ण अधिकारीले जानकारी दिएका छन् ।

त्यसैगरी हेटौंडा-१ स्थित टिम टेलिभिजन प्रालिले पनि होलीको अवसरमा सांस्कृतिक कार्यक्रम गर्ने भएको छ । स्थानीय कलाकार सुनिल केसी, प्रलय चौलागाईलगायतको उपस्थितिमा मध्यान्ह १२ बजेदेखि टेलिभिजनकै प्राङगणमा सांस्कृतिक कार्यक्रम सहित होलीमिलन कार्यक्रम गर्न लागि टेलिभिजनका प्रबन्धनिर्देशक रामशरण दुलालले जानकारी दिए । होलीमिलन कार्यक्रमले पत्रकार बीचको भाइचाराको सम्बन्ध थप बलियो हुने उनको विश्वास छ ।

त्यसैगरी युवा संघ मकवानपुरले पनि एमाले पार्टी कार्यालयमा होलीमिलन कार्यक्रम गर्ने जनाएको छ । होली हिन्दू संस्कृतिमा प्रत्येक वर्षको फागुन शुक्लपूर्णिमा अर्थात होली पूर्णिमाको दिन मनाइन्छ । होली नेपाल, भारत तथा अन्य राष्ट्रमा रहेका हिन्दूहरुको एउटा महत्वपूर्ण चाड हो । यो चाड वसन्तऋतुमा फागुनको महिनामा मनाइन्छ । रंगहरुको चाड होलीको दिन मानिसले एकअर्कामाथि विभिन्न प्रकारका रंग हालेर एकअर्कालाई रंगिन बनाउछन् । होलीपर्व मनाउनुको एउटा कारण र इतिहास छ । होली खेल्ने दिन भन्दा एकदिन पहिला राति होलीकादहन गरिन्छ ।

राति होलीकादहन गरिसकेपछि बिहान पानीमा रंग घोलेर एकअर्कामाथि फाल्ने चलन छ । भनिन्छ कि होलीको दिन 'पुरानो कटुता समाप्त गरेर, दुस्मनी बिर्सेर मान्छे एकअर्कासित मिल्छन्' । यस पर्वलाई फागुनको महिनामा मनाउने भएकाले यसलाई फगुआ पनि भनिन्छ । होलीपर्व घरपरिवार साथीभाइ आपसमा रङमा रंगिएर उल्लासपूर्वक मनाउने फागुन पूर्णिमाको अवसरमा पहाडदेखि तराई र गाउँदेखि सहर सम्मका केटाकेटी, युवायुवती तथा प्रौढहरुका हूल तथा जत्था हातमा रङ र रंगीन घोलपदार्थ लिएर गाउँदै, बजाउँदै, रमाइलो र होहल्ला गर्दै आपसी रिसइबीलाई बिर्सेर उत्साह र उमंगकासाथ मनाइने रंगीन पर्वको रुपमा लिइन्छ ।

# नेपाली कांग्रेस भीमफेदीको अगुवा कार्यकर्ता भेटघाट

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ नेपाली कांग्रेस भीमफेदी गाउँपालिका कार्यसमितिको आयोजनामा बुधबार भीमफेदी-६ धोर्सिङमा अगुवा कार्यकर्ता भेटघाट तथा अन्तरसंवाद भएको छ ।

गाउँपालिकाका सभापति सञ्जीव श्रेष्ठको अध्यक्षता तथा बागमती प्रदेशसभापति एवम् प्रदेशसभा सदस्य ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो । कार्यक्रममा बागमती प्रदेश सरकारका युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जन र जिल्लासभापति बुद्ध लामाको विशिष्ट आतिथ्यता रहेको थियो । कार्यक्रममा बोल्दै प्रदेशसभापति बानियाँले आन्तरिक गुटउपगुटले पार्टीलाई कमजोर नबनाउने बताए । पार्टीको आन्तरिक निर्वाचनलाई आत्मसात गरी आउने अस्तित्व स्वीकार्नु पर्ने बताउँदै उनले अन्तर द्वन्द्वलाई अन्त्य गरिनुपर्नेमा जोड दिए ।

कांग्रेस नेतृत्वले गरेको कामलाई प्रचारप्रसार गरी जनतासामु लैजान वडातहका नेतृत्वले ध्यानदिनु जरुरी रहेको सभापति बानियाँले बताए । टिकट पाउने जो कोही उम्मेदवार बन्छ उसलाई जिताउनेतर्फ लाग्न आग्रह गर्दै उनले जिताउने जिम्मा आफ्नो समेत रहने प्रतिवद्धता व्यक्त गरेका थिए । संघीयताकै कारण धेरै सडक सञ्जाल निर्माण हुनुका




साथै शिक्षा, स्वास्थ्य, विद्युत, खानेपानी लगायत अन्य क्षेत्रमा विकास तीव्ररुपमा भइरहेको सभापति बानियाँको भनाई छ ।

मन्त्री महर्जनले पार्टीभित्र रहेको वडातहदेखि पालिका, क्षेत्र र जिल्लासम्म रहेको अन्तरद्वन्द्वलाई समाधान गरिनुपर्ने बताए । एकले अर्कालाई आरोपप्रत्यारोप लगाउने कार्यलाई अन्त्य गरिनुपर्ने उनले बताए । कार्यक्रममा जिल्ला सभापति लामाले कांग्रेस अभियान बोकेर आफ्नो रफ्तारमा हिड्ने पार्टी रहेको जिकिर गरे । जनताको काममा कांग्रेस जहिले पनि अग्रसर रहेको बताउँदै उनले वडातहदेखि पालिका र प्रदेशतहमा नेतृत्व लिइदा जनताको कामलाई प्राथमिकता दिनुपर्ने बताए ।

नेका पूर्वसभापति रघुरमण न्यौपाने, सहसचिव इन्दिरा न्यौपाने, क्षेत्र नं. २ संघीय सभापति लोकबहादुर मुक्तान, महासमिति सदस्य शान्ता विक, जिल्ला सदस्यहरु राजु खतिवडा, धिरेन लामा, भरत लामा, मोमलाल दोङ, तारा कार्की, बागमती प्रदेशसदस्य पुरुषोत्तम ठकुरी र चम्फुरत्न लामा, काठमाडौं-मकवानपुर सम्पर्क समिति अध्यक्ष तेजप्रसाद घिमिरे, क्षेत्र नं. १ का संघीय सहसचिव मुनाकुमारी पाठक, महाधिवेशन प्रतिनिधि गोरिमाया लामालगायतको आतिथ्यता रहेको थियो । कार्यक्रममा ९ वटै वडाका सभापतिले वडामा भइरहेका गतिविधि र गुनासा राखेका थिए ।

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा अस्पतालमा मुटुरोग सेवा

२०२२ सालमा स्थापना भएको हेटौंडा अस्पतालको आफ्नै बिरासत छ । हजारौंको ज्यान बचाएको हेटौंडा अस्पताललाई सुधार गर्ने काम सबैतिरबाट भएको छ । बिगतका दिनमा हेटौंडा अस्पतालभित्र चरम राजनीति पनि भएकै हो । अस्पतालको सवासुबिधामा सधार गर्ने भन्दा पनि राजनीति गर्ने अखाडा बनाइयो । शाही गृहमन्त्री कमल थापाले हेटौंडा अस्पताललाई मध्यमाञ्चल क्षेत्रीय अस्पताल बनाउने तत्कालीन मन्त्रीपरिषदबाट निर्णय गराएका थिए तर, त्यो मण्डले सरकारको निर्णय भनेर नवक्रान्तिकारी दलहरुले यो कदमको खुलेरै असहयोग गरेका थिए । पछिल्लो समयमा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानअन्तर्गतको हेटौंडा अस्पतालमा विशेषज्ञ मुटुरोग सेवा शुभारम्भ गरिएको छ । मुटुरोगसम्बन्धी उपचार सहज रुपमा प्रदान गर्ने उद्देश्यले मंगलबारबाट कार्डियो ओपीडी सञ्चालनमा ल्याइएको हो । अस्पतालको भूइँतलामा रहेको ओपीडी विभागको सुभारम्भ बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामा, स्वास्थ्यमन्त्री किरण थापालगायतको उपस्थितिमा गरिएको हो ।

टिचिङ कार्डियो मनमोहन भास्कुलरमा अध्ययन गरेका मुटुरोग विशेषज्ञ डा. विकेश श्रेष्ठले हेटौंडामा दैनिकरुपमा मुटुजाँच सेवा सञ्चालन गर्ने भएका छन् । अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डाक्टर रामचन्द्र सापकोटाका अनुसार क्याथ ल्यावको अभावले गर्दा अप्रेशन बाहेकका सबै मुटुको उपचार सेवा इसिजि, इको, टीएमटी, हल्टर, एविपी जस्ता परीक्षण हेटौडाबाटै हुनेछ । रिफरल अस्पतालको रुपमा लामो समय चलेको हेटौंडा अस्पतालले पछिल्लो समयमा काँचुली फेरेको छ । सुबिधासम्पन्न भवन, दक्ष जनशक्ति, प्रभावकारी सेवाका कारण जनमानसमा हेटौंडा अस्पतालको बिश्वसनीयता बढेको छ । प्रदेश सरकार स्थापना भएपछि हेटौंडा अस्पतालको सेवासुविधा बढ्दै गएको, प्रदेश सरकारको औचित्यलाई स्वास्थ्यक्षेत्रमा भएको विकासले पुष्टि गरेको मुख्यमन्त्री लामाले बताएका छन् । प्रदेश सरकार मातहात आएकै कारण १३ वटै जिल्लाका अस्पतालको अवस्थामा सुधार हुँदै गएको बताउँदै मुख्यमन्त्री लामाले हेटौंडामा नै क्याथ ल्याव सञ्चालनमा ल्याएर मुटुको अप्रेशन सेवा बिस्तारको लागि प्रदेश सरकारले पहल गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । हेटौंडामै मुटुको अपरेशन हुनसके प्रदेशकै ठुलो सफलता हुने उनको धारणा छ । स्वास्थ्यक्षेत्रमा राजनीति धेरै गर्न नहुने, २० प्रतिशतमात्र राजनीति गरेर बाँकी काम गर्नुपर्ने मुख्यमन्त्री लामाको सुझाव छ । २० प्रतिशत पनि किन राजनीति गर्न पर्‍यो ? शिक्षा, स्वास्थ्य जस्तो सम्बेदनशील क्षेत्रमा शुन्य राजनीति हुनु जरुरी छ । हेटौंडा अस्पताललाई मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट अलग गर्नुपर्ने आवाज उठिरहेको प्रसंगतर्फ संकेत गर्दै मुख्यमन्त्री लामाले नकारात्मक सोच राखेर काम नगर्न आग्रह गरे । संघीयता लागु भएपछि विशेष गरी स्वास्थ्य, शिक्षाक्षेत्रले ठुलो फड्को मारेको छ । हेटौंडा अस्पतालको सेवाबाट मकवानपुरमात्र नभई मधेश प्रदेशका सर्वसाधारण पनि लाभान्वित भइरहेका छन् । हेटौंडा अस्पतालको स्तरोन्नतिको लागि प्रदेश सरकारले थप मेडिकल उपकरण समेत उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिएको छ । जनशक्तिको अभावमा कतिपय ठाउँमा आधारभूत अस्पताल सञ्चालन हुन नसकिरहेको अवस्था छ । डा. महाबीर पुनले हेटौंडा अस्पतालमा दूरचिकित्सा सेवा (टेलिमेडिसिन) मार्फत् उपचारपद्दति सुरु गरेका थिए ।

यो अभियान नेपालका सरकारी अस्पतालमा पहिलोपटक हेटौंडाबाट सुरु भएको थियो । तर, त्यसलाई निरन्तरता दिन नसकेकै हो । राजमार्ग केन्द्रित ट्रमा सेन्टर स्थापना गर्न मन्त्रालय लागिपरेको बताइएको छ । चिकित्सकहरु कमीकमजोरी सुधार गरेर गुणस्तरीय स्वास्थ्यसेवा दिने अभियानमा प्रदेश सकरारले खुट्टा कमाउनु भएन । प्रादेशिक अस्पतालको सेवा बिस्तारसँगै निरन्तरता महत्वपूर्ण हुने बताइएको छ । अस्पतालको सेवा विस्तारमा आएका छात्रवृत्तिका विशेषज्ञ डाक्टरलाई अस्पतालमा २ वर्ष टिकाउन पर्ने अवस्था रहेको बताइएको छ । हेटौंडा अस्पतालमा कार्डियो सेवासँगै क्याथ ल्याव निर्माणको तयारीमा प्रतिष्ठानले काम अघि बढाउने बताइएको छ । स्तरीय स्वास्थ्यसेवाका लागि प्रदेश सरकारले उपयुक्त बजेट व्यवस्थापन गर्नुपर्ने माग छ । आगामी वर्षबाट प्रतिष्ठानमा एमबीबीएस कार्यक्रमका सञ्चालनको लागि ७५ प्रतिशत बजेट सुनिश्चित गर्नपर्ने भएकाले सरकारले उपयुक्त निर्णय गर्नुपर्नेमा जोड दिइएको छ । उपमहानगरपालिकासँगको साझेदारीमा रोटरी क्लब अफ हेटौंडाले अस्ताललाई एकवर्ष अघि ८० लाख रुपैयाँ मूल्य बराबरको मुटु परीक्षण उपकरण उपलब्ध गराएको थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ चैत १ गते शुक्रबार १४ मार्च २०२५ । पूर्णिमा, फागुन शुक्लपक्ष । चिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:१७, सूर्यास्त ६:११ । फागुपूर्णिमा । तराईमा होली । पाई डे ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद बढ्न सक्नेछ | **तुला** | : शुभ समाचार सुन्न पाइनेछ |
| **वृष** | : उत्साह कम हुनेछ | **वृश्चिक** | : मान सम्मान पाउन सकिनेछ |
| **मिथुन** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | **धनु** | : मन खिन्न हुन सक्नेछ |
| **कर्कट** | : उदर-विकार हुन सक्नेछ | **मकर** | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| **सिंह** | : परिवारमा उन्नति हुनेछ | **कुम्भ** | : राजनीतिमा सफलता मिल्नेछ |
| **कन्या** | : काममा रोकावट आउन सक्नेछ | **मीन** | : काममा विलम्ब हुनेछ |

# गणतन्त्रका सञ्चालकहरु सच्चिने कि सक्किने ?



✍सागर पण्डित

गत आइतबार काठमाडौंमा गणतन्त्र पक्षधरहरुलाई निधार खुम्च्याएर सोच्न बाध्य पार्ने गरी राजावादीहरुले ठूलै प्रदर्शन गरे । पूर्वराजा ज्ञानेन्द्रले सम्भवत: गद्दी त्यागेपछिको सबैभन्दा बढी नागरिकले स्वागत गरेको क्षण थियो त्यो । त्यसैले राजावादीहरु मख्ख परेका छन् । यसले राजालाई पनि फेरि गद्दी मिल्छ कि भन्ने आशा पलाएको देखिन्छ । तर यो पूर्वराजा र राजावादीहरुले सोचेअनुसार सहज भने छैन । सडक आन्दोलनबाट सत्ता उलटपुलट हुने अवस्था अहिले देखिँदैन । पक्कै पनि नागरिकमा केही निराशा र आक्रोश छ ।

त्यो निराशा र आक्रोश संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाविरुद्ध भन्दा पनि सत्ता सञ्चालन गर्ने शासक र राजनीतिक नेतृत्वविरुद्ध मात्रै हो । त्यसैले गणतन्त्रविरोधीहरु गणतन्त्र नै रहँदैन भनेर खुशी हुनुको कुनै अर्थ छैन । यद्यपि गणतन्त्रवादीहरु पनि यसरी नै मुलुकलाई भ्रष्टाचारमा लिप्त बनाइरहने र नागरिकमा आक्रोश पैदा गराइरहने स्वार्थी खेलमा लागिरहे भनेचाहिँ गणतन्त्र विरोधीहरुको चाहना पूरा नहोला भन्न सक्ने अवस्था छैन । हाल मुलुकले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको अभ्यास गरिरहेको छ । यो शासन व्यवस्थामा धेरै खालका विकृतिहरु होलान् । शासन सञ्चालकहरु भ्रष्टाचरमा लिप्त भएका हुन सक्छन् तर संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था भनेको विश्वमा नै सबैभन्दा उन्नत शासन व्यवस्था हो ।

शासकीय व्यवस्थामा केही त्रुटिहरु छन् भने तिनलाई सच्याउन सकिन्छ तर गणतन्त्रलाई नै चुनौती दिने कार्य निरंकुशता निम्त्याउने चालबाहेक केही हुँदैन । २१ औं शताब्दीका नेपाली जनता कुनै पनि प्रकारका निरंकुशता चाहँदैनन् । फेरि राजतन्त्र आउनासाथ मुलुक स्वर्ग नै भइहाल्छ भन्ने विश्वास पनि जनतालाई छैन । राजावादी राजनीतिक दलहरुले अब निर्वाचनमा दुई तिहाइ ल्याएर संविधान संशोधन गरी राजालाई ल्याउन भने सक्छन् । यो वैधानिक बाटो भने खुला नै छ । वैधानिक बाटो भुलेर सडकमा प्रदर्शन गरी राजालाई फर्काउने सपना देख्नुचाहिँ नाजायज नै हो र यो सम्भव पनि छैन ।

यद्यपि संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था दिनानुदिन कमजोर हुँदै गइरहेको तथ्यलाई भने स्वीकार्नै पर्छ । यो शासन व्यवस्था दुई-चारजना भ्रष्टहरुका कारण कमजोर भइरहेको र गणतन्त्रविरोधीहरु त्यसैमा खेल्न थालिरहेको देखिन्छ । यो शासन व्यवस्था सञ्चालन गर्ने राजनीतिक दलहरु र प्रमुख नेतृत्वमा रहनेहरु नसच्चिने हो भने शासन व्यवस्थाप्रति अझै वितृष्णा पलाउने र गम्भीर संकटमा नपर्ला भन्नचाहिँ सकिँदैन । त्यसैले अब गणतन्त्रवादीहरु त्यसमा पनि नेतृत्व तहमा रहनेहरु आमूलरुपमा सच्चिनुपर्छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था स्थापना भएको ९ वर्ष मात्रै भएको छ । यो अवधिमा मुलुकको विकास, समृद्धि र सुशासनको क्षेत्रमा जति हुनुपर्ने हो त्यति हुन नसकेको यथार्थ हो । नागरिकहरुले सोचेअनुसार सेवाप्रवाह पनि प्रभावकारी हुन सकेन । शासन सञ्चालन गर्नेहरूले संघीय संविधानको सशक्त कार्यान्वयन गर्न चुक्दै आए । २०७२ सालपछि बनेका हरेकजसो सरकारहरु जनताको गाँस, बास, कपास, स्वास्थ्य, शिक्षा र रोजगारीको समस्या समाधान गर्न असफलजस्तै देखिए । यी समस्याहरुलाई समाधान गर्न नसक्दा लोकतान्त्रिक सरकारले लिएको समाजवाद उन्मुख नीतिले हावा खाँदै आएको छ ।

मुलुकमा केही निराशा छ, नागरिकहरुमा आक्रोश छ तर पनि मुलुक बर्बाद नै भइसक्यो, खत्तम नै भइसक्यो भन्ने जुन भाष्य खडा गर्न खोजिएको छ, त्यो भने पूर्णत: गलत छ । तर पनि सरकारमा रहनेहरुले यस्ता विषयलाई अत्यन्तै गहनरुपमा लिएर जनपक्षीय काम गर्नुपर्छ । अब सरकारले नागरिकहरुलाई आश्वस्त पार्ने गरी प्रभावकारी कार्यक्रम ल्याउनै पर्छ । सरकारको नीति तथा कार्यक्रम ल्याउँदा स्वास्थ्य र शिक्षा क्षेत्रमा आम नागरिकको सहज पहुँच बनाउन क्रान्तिकारी कार्यक्रम ल्याउन जरुरी छ । यसै गरी सुशासन कायम गर्न र भ्रष्टाचारीलाई कठोररुपमा कारबाही गर्नका लागि सोही अनुसारका नीति, योजना र कानुन ल्याउनुपर्छ ।

समृद्ध नेपाल निर्माणको अभियान थालिएको बताइए तापनि सो अभियानलाई सफल बनाउने खालका कार्यक्रमहरु घोषणा गरेर सशक्त कार्यान्वयन गर्नुपर्छ । प्रमुख राजनीतिक दलको घोषणापत्रमा भूमिको वैज्ञानिक व्यवस्थापन, आधुनिक कृषि र सम्पन्न किसान, कृषिभूमिमा पानी तथा सिंचाइमा लगानी, विद्युत् तथा ऊर्जामा वृद्धि, यातायात पूर्वाधारमा विशेष जोड, पर्यटन, उद्योग र खनिजको उचित सदुपयोग गर्नेजस्ता कार्यक्रम समेटिएको भए पनि त्यसलाई सफल बनाउने खालका महत्वपूर्ण नीतिहरु अझैसम्म ल्याउन सकिएको छैन । अब आउने सरकारको नीति तथा कार्यक्रममा ती सबै विषयलाई समेट्नुपर्छ । बजेट बनाउँदा पनि यस्तै विषयलाई केन्द्रविन्दुमा राखिनुपर्छ ।

प्रमुख दल र जो अहिले सत्तामा छन् उनीहरुको घोषणपत्रमा 'गाउँ-शहरमा सहकारी घरघरमा रोजगारी' भन्ने विषयलाई निकै महत्वका साथ उल्लेख गरिएको छ । घरघरमा रोजगारी सिर्जना गर्ने विषयलाई हल्कारुपमा लिनुभन्दा त्यसलाई वास्तविकतामा उतार्ने गरी नीति तथा कार्यक्रममा समेटिनुपर्छ ।

तर दु:खका साथ भन्नुपर्छ, अहिले मुलुकमा बेरोजगारीको दर झन् बढिरहेको छ । अब औद्योगिक कलकारखानाहरु स्थापना गरी रोजगारीको अवसर सिर्जना गराउनुपर्छ भने गाउँघरमा स्वरोजगारका कार्यक्रमहरु सिर्जना गरेर धेरैभन्दा धेरै नागरिकलाई आत्मनिर्भर बनाउने खालका वैज्ञानिक कार्यक्रम ल्याउनुपर्छ । यसै गरी सांस्कृतिक रुपान्तरण गर्दै सामाजिक सद्भाव र राष्ट्रिय एकता अभिवृद्धि गर्ने खालका कार्यक्रम पनि ल्याइनुपर्छ ।

प्रधानमन्त्री र उनको पार्टीले आफ्नो चुनावी घोषणापत्रलाई दिनहुँ अध्ययन गर्न जरुरी छ । घोषणापत्र जनतालाई ढाँट्न र झुटको पुलिन्दा बाँड्न हो कि काम गर्न ? यसको जवाफ प्रधानमन्त्री र सत्तारुढ दलका नेताहरुले आफैंभित्र खोज्न जरुरी छ । घोषणपत्रको अन्तिम ८ नं. बुँदामा हामीलाई नै मत किन ? भन्ने प्रश्न गरिएको छ र जवाफ पनि दिइएको छ । सोही बुँदामा रहेका राष्ट्र निर्माणका पाँच विषय, राष्ट्रिय हित र स्वाभिमानका ५ स्तम्भ तथा विकास र समृद्धिका चार स्तम्भलाई मात्रै सुदृढ गर्ने गरी नीति तथा कार्यक्रम ल्याउन सकिएमा पनि मुलुक एक कदम अगाडि बढ्ने निश्चित छ ।

गणतन्त्रको विकल्पमा राजतन्त्र ल्याउने सडक बहस र निरर्थक प्रयास चलिरहँदा वर्तमान शासक-प्रशासकहरुमा देखिएका समस्याहरु समयमा नै पहिचान गरी सच्चिनुको विकल्प छैन । हामीकहाँ सबैभन्दा ठूलो समस्या भनेकै शासक नेता तथा उनीहरुलाई सहयोग गर्ने प्रशासकहरुमा विकास भएको दोहोरो चरित्र हो । एकथरी बोल्ने तर काम र व्यवहार ठीक उल्टो गर्ने चरित्र धेरै शासक र प्रशासकहरुमा व्यापक छ । जनताको काम गर्नै नचाहने र आफ्नो स्वार्थ मात्रै हेर्ने प्रवृत्ति अत्यधिक छ । अहिले बजारमा महँगीले सर्वसाधारण जनता आजित छन् । दु:खजिलो गरेर खानेलाई बिहान-बेलुकीको जोहो गर्न नै कठिन भइरहेको छ । शासकहरूलाई कुनै वास्ता छैन । जनतालाई राहत दिने, सरकार भएको अनुभूति दिलाउने विषय शासकहरुको उच्च प्राथमिकतामा कहिल्यै पनि पर्दैन । त्यसैले पनि होला आम सर्वसाधारणले कहिल्यै पनि देशमा आफ्नो सरकार भएको अनुभूति गर्नै पाएका छैनन् । उल्टो सामान्य नागरिकहरु त मुलुकमा सरकार नै नभएको जस्तो अनुभूति गर्न विवश छन् ।

चारैतिर विकृति बढेको बढ्यै छ । बिरामी हुँदा सुलभ स्वास्थ्य सेवा र औषधि पाउनबाट आम नागरिक वञ्चित छन् । स्वास्थ्य सेवामा मौलाएको माफियातन्त्रले नागरिकहरु आक्रान्त त छँदै छन् । उपचार अभावमा अकाल मृत्युवरण गर्नसमेत बाध्य छन् । यस्तै शिक्षा क्षेत्रसमेत माफियाको कब्जामा नै रहेको र सरकारी शिक्षा निकै नै कमजोर भएकाले आम नागरिकहरु दु:खजिलो गरेरै भए पनि आफ्ना बालबच्चालाई बोर्डिङमा पढाउन बाध्य छन् ।

शिक्षा क्षेत्रमा वार्षिक अर्बौं रुपियाँ लगानी भए पनि त्यसको प्रतिफल आम नागरिक्ले पाउन सकेका छैनन् । जनताको करको सही सदुपयोगसमेत हुन सकिरहेको छैन । यस्तै मुलुकमा नयाँ उद्योगहरु स्थापना हुन सकेका छैनन् । भएका कैयौं उद्योगहरु बन्द भएका छन् । कैयौं उद्योगहरु अहिले खण्डहर अवस्थामा रहेको देख्दा पनि शासकहरुको मन कहिल्यै चसक्क हुँदैन । सरकारी उद्योगहरुलाई बन्द गराएर केही व्यापारीलाई मात्रै पोस्ने काम विगतमा गरिएको थियो । अब त्यस्ता सबै उद्योगहरु सञ्चालनमा ल्याएर रोजगारी सिर्जना गर्नुपर्छ ।

हामीकहाँ उत्पादन हुने वस्तुहरु पनि अहिले भारतलगायतका देशबाट आयात गर्नुपर्ने दु:खदायी अवस्था छ । निर्यातमा हामी निकै कमजोर छौं । त्यसैले पनि व्यापार घाटा अत्यधिक चुलिँदै गइरहेको छ । सुनौलो भविष्य बोकेर विदेश गएका कैयौं युवाहरु बाकसमा लास बनेर आउने क्रम पनि त्यत्तिकै छ । मुलुक सम्पत्ति शुद्धीकरणमा ग्रे लिस्टमा परेको छ । ट्रान्सपरेन्सी इन्टरनेसनलको प्रतिवेदनमा नेपाल विश्वमै सबैभन्दा बढी भ्रष्टाचार हुने मुलुकमा सूचीकृत भइरहेको छ ।

यो सब केही वर्षयताका ठालु शासकको नालायकी, अक्षमता र भ्रष्टाचारी प्रवृत्तिका कारण हो । दु:खका साथ भन्नुपर्छ, शासकहरु सच्चिएनन् भने मुलुक असफल राष्ट्रको रुपमा दर्ज हुने अवस्थामा पुग्नेछ । यस्तै विकृतिहरु बढ्दै जाने, शासकहरुले आँखा नदेख्ने र दम्भ पालिरहने हो भने संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था कोमामा जान सक्छ र राजावादीहरुको चाहना पनि पूरा हुन सक्छ । त्यसैले नेताहरु छिटोभन्दा छिटो सच्चिऊ, नत्र सक्किन तयार भएर बस ।

*(साभार: न्यूज अफ नेपाल)*

# आप्रवासन बेथितिमा संसद् किन मौन ?

✍मीना पौडेल

संघीय श्रममन्त्री शरदसिंह भण्डारी केही दिनअगाडि कान्तिपुर टेलिभिजनको एउटा संवाद कार्यक्रममा आफूले गरेका कामहरूको फेहरिस्त दिँदै भन्दै थिए- आफू पछिल्लो पटक श्रम मन्त्रालय फर्केपछि वैदेशिक रोजगारीमा जाने युवा श्रमिकको पक्षमा निकै राम्रो काम भएको छ । उनले यो दाबी गरिरहँदा उता श्रमगन्तव्य मुलुकको श्रमबजारमा कतै श्रमिकले आत्महत्या गरेका समाचार प्रमुख शीर्षक बनिरहेका थिए । कतै चार महिनादेखि बाकसमा बन्द शव स्वदेश फिर्ती पर्खँदै गर्दा उसको श्रमबजारले परिवारको स्वीकृतिबेगर उतै गाडेको खबरले श्रमिकको परिवारलाई विचलित बनाउँदै थियो । यी खबरले खाडीमा श्रम गर्ने नेपाली मात्र नभएर दक्षिण एसियाली आप्रवासी श्रमिकहरू नै स्तब्ध थिए ।

उसो त, उनकै गणनामा विगत चार दशकमा १८ औं पटक मन्त्री भएका भण्डारीका यो पहिलो भनाइ होइन । अनि यो भनाइ उनको मात्रै पनि होइन । आफूले सधैं उत्कृष्ट कार्य गरेको अरू कसैले केही नगरेको भनेर जिकिर गर्ने प्रवृत्तिको प्रतिस्पर्धा त राजनीतिक संस्कृतिकै रूपमा मौलाएको छ । यद्यपि, जनमानसमा यो प्रतिस्पर्धी जिकिरको सकारात्मक प्रभाव छ कि छैन भन्ने छलफलको विषय हो । मुलुकको जनसंख्याको ठूलो हिस्सा ओगटेको युवा मानव स्रोत र त्यसमध्ये पनि ठूलो हिस्सा वैदेशिक रोजगारीमा रहेको श्रमिकको जिम्मा लिएको मन्त्रालयको स्थिति, नेतृत्व र काम कारबाहीको कुरा गर्न एउटा छुट्टै बहसको जरुरी धेरै पहिला नै भएको हो । तर त्यो पहल हुने सम्भावना कम्तीमा पनि अहिलेको नेतृत्वको हकमा देखिँदैन । यो आलेखमा श्रममन्त्रीको कार्य मूल्यांकन गर्ने चेस्टा होइन । किनकि, मूल्यांकन गर्ने आधार मसँग त्यति छैनन्, बरु आप्रवासी श्रमिक र तिनका सहयोगी सञ्जालहरूसँगको संगत, अनुसन्धान र सहकार्यले मन्त्री र उनका टिमप्रति थुप्रै प्रश्नहरू भने छन् ।

अहिले संसद् चलिरहेको हुँदा संघीय सांसदहरूलाई पनि प्रश्न छ- मुलुकको अर्थतन्त्रको मियो आप्रवासी श्रमिकमाथि भइरहेको ठगी, शोषण, छलकपट, धोखा, बेइमानीलगायतका उनीहरूले भोगिरहेका अनेक चुनौतीलाई सम्बोधन गर्नका निम्ति समयसापेक्ष एकीकृत कानुनी खाका किन संसद्को एजेन्डा बन्न सक्दैन ? वैदेशिक रोजगार व्यवसायी र तिनका दलाल सञ्जालले पाइलैपिच्छे ठगी गर्छ । यस्तो ठगी हाम्रो वैदेशिक रोजगारको एउटा अनिवार्य संस्कृति नै भएर मन्त्रालय मात्र होइन, वैदेशिक रोजगारका प्रक्रियामा आकर्षित हुने राज्यका सबै निकायहरूमा संस्थागत भएको पनि दशकौं भएको भइसक्यो । यो यथार्थबारे संघीय सांसदहरू बेखबर होलान् भन्ने विश्वास गर्न सकिने कुरा होइन ।

किनकि, वैदेशिक रोजगार व्यवसायीहरू सांसदहरूकै पार्टीका जनवर्गीय संगठन हुन् । पार्टी कार्यकर्ता हुन् । आफ्ना कार्यकर्ताको गतिविधिबारे जानकारी नहुने कुरै भएन । अनि गाउँ घरमा पुग्ने दलालहरू पनि त रोजगार व्यवसायीकै यो वा त्यो सञ्जालसँग कार्यगत समन्वय गर्ने एजेन्ट हुन् । उनीहरू पनि यो वा त्यो पार्टीसँग आबद्ध हुन्छन् नै । वैदेशिक रोजगारको नाममा फस्टाएको मानव बेचबिखन र मानवतस्करी घट्ने कुनै संकेत छैन । बरु विश्व श्रमबजारमा बढ्दै गएको विषाक्त चरित्रले गर्दा ठगी र शोषणका स्वरूपहरू फेरिँदै छन् । ठग्नेहरूको सञ्जालले राज्य सञ्चालन गर्ने निकायहरूका केन्द्रमै स्वार्थी हस्तक्षेप बढाउँदै छन् । वैदेशिक रोजगारीको नाममा मानव बेचबिखन र मानवतस्करी झन्झन् फस्टाउँदै छ भन्ने श्रम आप्रवासनमा चासो राख्ने जोसुकैले बुझ्ने कुरा हो । आप्रवासनको पुँजीले नै चलिरहेको नेपाली गाउँघरबाट प्रतिनिधित्व गर्ने जनप्रतिनिधिलाई यो कुरा थाहा नहोला भनेर कसरी अनुमान गर्ने ?

संघीय संसद्मा श्रमसम्बन्धी समिति नै छ, तर वैदेशिक रोजगारीका बेथिति र चुनौतीहरूको व्यवस्थित बहस किन हुन्न ? अन्य विषयको तुलनामा यो मौनतालाई ती आप्रवासी श्रमिक, तिनका परिवार र यस आयाममा चासो राख्ने सर्वसाधारणले कसरी बुझ्ने ? वैदेशिक रोजगारीका सन्दर्भमा अहिले सबैभन्दा अहंमध्येको प्रश्न किन पहिला भएका सम्झौता समयसापेक्ष परिमार्जन गरी नवीकरण हुन सकिरहेका छैनन् ? भन्ने हो । श्रमसम्झौता वर्षौंदेखि नवीकरण हुन नसक्दा सामान्य समझदारीमा परिणत भई काम चलाउमा पुगेका छन् । अनि कति नयाँ गन्तव्यमा हचुवाका भरमा श्रमिकहरू जानुपर्ने बाध्यता सिर्जना भएको छ ।

जसले गर्दा श्रमिकलाई आप्रवासन प्रक्रिया र कार्यस्थलमा झन् जोखिम थपेको छ । किनकि यी समझदारीको धरातलमा जसरी हुन्छ, धेरैभन्दा धेरै श्रमिक यताका ठगीमा माहिर व्यवसायीकहाँ पठाऊ र उताका शोषणका माहिर एजेन्ट र रोजगारदातामा ल्याऊ भन्ने दृष्टिकोण हाबी हुँदा श्रमिकका अधिकारका कुरा गौण हुने गर्छन् । यो परिस्थितिले एउटा सन्देशको संकेत गर्छ कि, हाम्रा राजनीतिक र प्रशासनिक नेतृत्वलाई श्रमिकको संरक्षण र न्यायमा पहुँचभन्दा बढी बेरोजगार युवा बाहिर जाऊन्, धेरै विप्रेषण पठाऊन् भन्ने कुराले महत्त्व राख्छ । यो पार्टीहरूको राजनीतिक र राज्यको आर्थिक स्वार्थसँग जोडिएको पक्ष हो । संरक्षण र न्यायमा पहुँच त फगत श्रमिक र उसको परिवारसँग मात्र जोडेर हेरिने र बुझिने गरिन्छ । मानौं कि, एउटा युवा वा युवती स्वदेशमा श्रम गर्न अल्छी लागेर बिदेसिन्छ, अथवा वैदेशिक रोजगारीमा जानु उसको मनोरञ्जनको पाटो हो ।

हर्सोल्लासको क्षण र विजयोत्सव हो । यो कुरा मन्त्री भण्डारीले आफ्नो क्षेत्र मधेस प्रदेशका दुइटा भैंसी भएका युवा तीनवटा भैंसी बनाउन बिदेसिन्छन् भन्नेजस्ता विभेदी टिप्पणीले पनि उनको आप्रवासी श्रमिकप्रतिको दृष्टिकोण प्रस्ट गर्दैन र ? उनलाई के थाहा, मधेस प्रदेश नै यस्तो प्रदेश हो, जहाँको मानव विकास सूचकांक कमजोरमध्येमा रहेको छ । अधिकतम अदक्ष युवा बिदेसिने गर्छन् र बढी शोषण, जालझेल र अन्यायमा परेका छन् । यस्तै, अर्को महत्त्वपूर्ण प्रश्न हो- किन घरेलु श्रमिक महिलाका सम्बन्धमा लगाइएका बन्देज खुलाउन गरिनुपर्ने सुधारका काम दशकसम्म हुन सकेका छैनन् ? श्रमिकको हकहित र अधिकार संरक्षणतर्फ तात्त्विक सुधार गरी श्रम कूटनीतिमार्फत आफ्ना कुरा राखेर सार्थक वार्ता गर्नुको साटो गन्तव्य मुलुकको जोडबलमा परीक्षणका रूपमा पठाएर घरेलु श्रमिक महिलाका सम्बन्धमा जोखिम उठाउने कुरा मन्त्रीले किन गर्दै छन् ?

तीन दशकसम्म भोगिएको शोषण, ठगी र हिंसाका कैयौं नजीर हुँदाहुँदै पनि तिनमा तात्त्विक सुधार गरी श्रम आप्रवासनलाई सुरक्षित र मर्यादित बनाउनुको साटो अझै परीक्षणको खेल किन हुँदै छ ? कसको स्वार्थका लागि यो निर्णय कसले गर्दै छ ? जनप्रतिनिधिमार्फत आम जनता र श्रमिकका परिवारले तालुक्दार मन्त्रालयलाई प्रश्न गर्न पाउने कि नपाउने ? महिला घरेलु श्रमिकको सन्दर्भमा जी टू जी मोडालिटीमा जान सरकारकै निकाय नीति अनुसन्धान प्रतिष्ठानमार्फत आप्रवासन सन्दर्भमा अनुसन्धान गर्ने, चासो राख्ने र फर्केर आएका भुक्तभोगी श्रमिकहरूले दिएका सुझावहरू कता थन्क्याइए ?

कोरोनाले थलिएर भर्खर ब्युँतिन लागेको श्रमिकको गन्तव्य श्रमबजार पछिल्लो विश्व राजनीतिको तरलताले गर्दा झन् अस्थिर र जटिल हुने सम्भावना नकार्न सकिन्न । जसले आप्रवासी श्रमिकको सामाजिक न्यायको पाटो झन् कमजोर हुने मात्र होइन, रंगभेदी र राष्ट्रिय पहिचानका आधारमा विभेदहरूको विविधीकरण झन् जटिल हुने निश्चितप्राय: छ । यो अवस्थामा हाम्रोजस्तो विप्रेषणले थेगिएका मुलुकले त झन् सजक भएर गन्तव्य मुलुकसँग श्रम कूटनीतिमार्फत आफ्ना श्रमिकको पक्षमा पैरवी गरी सन्तुलित श्रमसम्झौता गरी घरेलु श्रमबजारमा उपलब्ध हुन नसकेको रोजगारीको अवसरलाई समयमै सुरक्षित गर्नुपर्नेतिर ध्यान जानुपर्ने हो ।

भारत, बंगलादेश श्रीलंका, थाइल्यान्ड, फिलिपिन्स, भियतनाम, कम्बोडियालगायत मुलुकहरूले त्यही गरिरहेका छन् । तर विडम्बना, हामीले विगतमा भएका श्रमसम्झौता नवीकरण गर्नसमेत सकेका छैनौं । परीक्षणको जोखिमपूर्ण बाटोमा आफ्ना नागरिकलाई धकेलिरहेका छौं । यो अवस्था भनेको हामी हाम्रो श्रम आप्रवासन प्रक्रियालाई बुझ्न र व्यवस्थापन गर्न सक्षम छैनौं भन्ने संकेत हो कि होइन ? आप्रवासन व्यवस्थापनका सन्दर्भमा हामी कति निरीह छौं भन्ने श्रम मन्त्रालयका दस्ताबेजहरू अध्ययन गर्दा पनि प्रस्ट हुन्छ । गन्तव्य मुलुकका राजदूतलाई बोलाएर नेपाली श्रमिक तिम्रा बजारमा लागि देऊ भनेर हारगुहार गरेर श्रम आप्रवासन व्यवस्थापन हुँदैन । त्यसका लागि त नेपालको धरातलीय अवस्थामा आकर्षित हुने आप्रवासनका विविध आयामहरूलाई समेटेर समय र राजनीतिक प्रणाली सापेक्ष एकीकृत आप्रवासनको नवीनतम कानुनी खाका तय गर्नुको विकल्प छैन । हाम्रा सांसदहरूलाई यसतर्फ किन चासो छैन ?

यो अवस्थाले दुईवटा पाटाको संकेत गर्छ । एकातिर, आप्रवासी श्रमिकविरुद्ध हुने गरेका ज्यादती नेपाली समाजको राजनीतिकलगायत एउटा ठूलो तप्का, जो आफूलाई रोजगारदाता ठान्छ, लाई सामान्य लागेको जस्तो देखिँदै छ । किनकि, यो तप्का वर्गीय हिसाबले मस्त छ । राजनीतिक सम्बन्ध र स्वार्थका हिसाबले ढुक्क छ । यो ढुक्कको तप्कामा पार्टीका वर्गीय संगठनका रूपमा मौलाएका व्यवसायीहरू पर्छन् । अनि तिनका दलालहरू सम्बन्धित पार्टीका कार्यकर्ता हुने नै भए । यो तप्कालाई विप्रेषणको हिसाब गर्दै राजनीतिक प्रभावमा राज्यको नीतिगत प्वाल खोजी जतिसक्दो श्रमिकलाई चुसी वैदेशिक रोजगारीको नाममा नाफाको खेती फस्टाउनु छ । बेरोजगारीको समस्या समाधान गर्ने जादूको छडी हामीसँग छ भन्दै राजनीतिक स्वार्थ पूरा गर्नु छ । अर्कोतिर, संसद्मा आफ्नो स्वार्थअनुरूपका कानुनी खाकाहरू अनेक तरिकाबाट ल्याएर जटिल बहस गर्न तत्पर दल र सांसदहरू सुविधासहित बहस तन्काउन माहिर देखिन्छन् । तर यी आप्रवासी श्रमिककासम्बन्धमा समयसापेक्ष कानुनी खाकाको अनिवार्यताका बारेमा चुइँक्क बोल्दैनन् । के संसद्मा आप्रवासी श्रमिकका एजेन्डा पस्न आप्रवासी श्रमिक अझ धेरै मर्नै पर्छ, के बेचिएर पुगेकी घरेलु श्रमिक महिला बलात्कृत हुनैपर्ने हो ? के ऋणमा डुबेर परदेसिएको युवा शोषण, उत्पीडन, ठगी र जालझेलले निसासिएर आत्महत्याको निर्णयमा पुग्नै पर्ने हो ?

*(साभार: ई-कान्तिपुर)*

# जस लिने होडमा राजावादी, अपजसबाट पन्छिँदै गणतन्त्रवादी

काठमाडौं / 'राजसंस्था पक्षधर जनलहरको एउटा धक्काले मन्त्रीहरू नै गायब हुनुभयो भन्ने ठानेको, तर आउनुभयो । उहाँहरूलाई स्वागत छ,' बुधबार प्रतिनिधि सभाको दोस्रो बैठक सुरु भएलगत्तै राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)की सांसद विना लामाले व्यंग्य गरिन् । पहिलो बैठक एक जना पनि मन्त्री उपस्थित नभएपछि स्थगित भएको थियो । १५ मिनेट स्थगित भएर दोस्रो बैठक सुरु भएलगत्तै राप्रपाकी सांसद लामाले २५ फागुनमा भएको राजसंस्था पक्षधरको प्रदर्शन स्मरण गरेकी हुन् ।



त्यसदिन पोखराबाट चार्टर्ड विमानमा काठमाडौं आएका पूर्वराजा ज्ञानेन्द्र शाहको स्वागतमा राजावादीहरूले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आसपासमा र्‍याली निकालेका थिए । पूर्व निर्धारित आमसभा स्थगित गरेर राप्रपाले राजाको स्वागत र्‍यालीमा शक्ति देखाउने प्रयास गरेको थियो । पूर्वराजाको स्वागतमा निकालिएको र्‍यालीमा हजारौं नागरिक सहभागी भए । भीड देखेर उत्साहित राप्रपाका सांसदहरूले संसद्मा गणतन्त्रवादी दलहरूप्रति छेडखानी गरिरहेका छन् ।

जवाफमा गणतन्त्रवादी दलहरूले पनि राजा फर्किने सपना नदेख्न चेतावनी दिइरहे । राजतन्त्र पक्षधर र गणतन्त्र पक्षधरबीच विगतमा पनि यदाकदा छेडखानी हुन्थे । तर पूर्वराजा शाहको ७ फागुनको अभिव्यक्ति र उनको स्वागतमा काठमाडौंमा निकालिएको र्‍यालीपछि संसद्मा घोचपेच बढेको छ । पूर्वराजा शाहले प्रजातन्त्र दिवसको पूर्वसन्ध्यामा दिएको शुभकामना मन्तव्यमा शासन सत्ता छोड्नुलाई त्यागको रूपमा व्याख्या गरे । राजगद्दी त्याग्नुलाई कमजोरी नठान्न चेतावनी दिए ।

पूर्वराजा ज्ञानेन्द्रको अभिव्यक्ति र शक्ति प्रदर्शनमा देखिएको भीडले उत्साहित राप्रपाले संसद्मा व्यवस्था विरोधी आवाज बढेको उदाहरणको रुपमा देखाउँदै गणतन्त्र पक्षधरमाथि प्रश्न गर्ने संख्या बढाउन थालेका हुन् । १० वर्षे माओवादी सशस्त्र युद्ध, २०६२/६३ को जनआन्दोलन र मधेश आन्दोलनको पृष्ठभूमिमा नेपालबाट राजतन्त्र अन्त्य भएको थियो । २८ चैत २०६४ सालमा सम्पन्न संविधान सभाको चुनावबाट निर्वाचित संविधान सभाको पहिलो बैठक (१५ जेठ २०६५) ले नेपालबाट राजतन्त्र अन्त्यको घोषणा गरेको थियो । त्यसयता पूर्वराजा ज्ञानेन्द्र निर्मल निवासमा बस्दै आएका छन् । राजतन्त्र अन्त्य गरेर पनि स-सम्मान पूर्वराजालाई निर्मल निवासमा बस्न दिएको ख्याल गर्न राजावादीलाई गणतन्त्र पक्षधर दलका सांसदहरूको चेतावनी छ ।

'केही दिन अगाडि राजतन्त्रवादीहरूले सडक प्रदर्शन गरे । यो सडक प्रदर्शन सरकारको गलत कामबाट आक्रोशित जनसमुदायको भावनालाई दुरुपयोग गर्ने सोचका साथ संविधान र गणतन्त्रवादीहरूमाथि हमला गर्ने उद्देश्य अनुरुप देखिन्छ,' बुधबार प्रतिनिधि सभाको बैठकमा बोल्दै माओवादी सांसद हितबहादुर तामाङले भने । उनका अनुसार सरकारको कामबाट नागरिकमा असन्तोष बढेको छ । त्यही असन्तोषको दुरुपयोग राजावादीले गर्न खोजेका हुन् । अर्थात्, सरकारको कारणले राजावादीले स्पेस पाएको माओवादी सांसद तामाङको आरोप छ ।

**राजावादीको आफ्नै ताल**

नेताहरूका अनुसार २५ फागुनको शक्ति प्रदर्शनपछि राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, राप्रपा नेपालका अध्यक्ष कमल थापा र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ अभियान, नेपालका संयोजक दुर्गा प्रसाईंहरू जस लिने होडमा छन् । तर, प्रधानमन्त्री एवं नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड प्रतिगमनलाई बल पुऱ्याउने व्यवहारको जिम्मा लिन तयार छैनन् । बरु अर्कोलाई दोषी देखाएर आफू पन्छिने प्रयासमा छन् ।

राप्रपाका अध्यक्ष लिङ्देन पार्टीका सांसदहरूमार्फत संसद्बाटै २५ फागुनको प्रदर्शनको जस लिइरहेका छन् । मंगलबार राप्रपाकी सांसद रोशन कार्कीले २५ फागुनमा काठमाडौंमा पूर्वराजा शाहको समर्थनमा देखिएको भिड 'ट्रायल' मात्रै भएको बताइन् । 'मित्र यो त ट्रायल मात्रै हो । अरु जिल्लाका मान्छे थपिए, अरु ७३ जिल्लाका मान्छे थपिए भने त्यो देखेर नआत्तिनुहोला,' उनले चेतावनी दिइन्, 'लुक्ने ठाउँ अहिले नै खोजेर बस्नुहोला ।' राप्रपाका सांसदले यसरी गणतन्त्रवादी दलमाथि छेडखानी गरेर जस लिइरहँदा संसद्मा नरहेका राजावादी शक्तिहरू सञ्चारमाध्यम र सामाजिक सञ्जालमार्फत आफ्ना कुरा राखेर जस लिन खोजिरहेका छन् ।

राप्रपा नेपालका अध्यक्ष कमल थापाले सामाजिक सञ्जाल मार्फत आफूहरू निरंकुश राजतन्त्र नभएर राजासहितको राजतन्त्रको पक्षमा रहेको र २५ फागुनको प्रदर्शनमा आफ्नो पार्टीको महत्वपूर्ण भूमिका रहेको बताएका छन् । दुर्गा प्रसाईंले मंगलबार भक्तपुरस्थित आफ्नै निवासमा पत्रकार सम्मेलन गरे । आफ्नो विशेष पहलमा २५ फागुनमा काठमाडौंमा र्‍याली सम्भव भएको बताए । त्यस क्रममा उनले २०७२ सालमा जारी संविधानमा कमल थापा र राजेन्द्र लिङ्देनले हस्ताक्षर गरेको स्मरण गरे । 'कमल थापा र राजेन्द्र लिङ्देनले २०७२ मा हस्ताक्षर नगरेको भए राजसंस्था जाँदैनथ्यो,' प्रसाईंले भने, 'अहिले माहोल बनेपछि धमिलो पानीमा माछा मार्न आए उनीहरू ।'

**अपजसबाट पन्छिँदै गणतन्त्र पक्षधर**

सत्तापक्ष र प्रतिपक्षमा रहेका गणतन्त्रवादी दलहरू राजतन्त्रको विरोधमा एकै ठाउँ उभिएर प्रतिवाद गरिरहेका छन् । तर प्रतिगमनलाई बल पुऱ्याउने व्यवहार आफ्नो दल वा आफूहरूले नगरेको र अर्को दलले गरेको भनेर अपजस लिनबाट पन्छिने प्रयासमा पनि छन् । माओवादी अध्यक्ष प्रचण्ड राजावादीको प्रदर्शनलाई केही होइन भनेर उपेक्षा गर्ने पक्षमा आफू नरहेको बताउँछन् । 'विदेशी षड्यन्त्र होलान्, विगतमा हामीले देख्ने गरेका छौं । अस्तिको प्रदर्शनमा पनि देख्यौं, को कसका फोटो टाँसिए, इत्यादि तर म त्यसलाई प्रमुख मान्दिनँ,' मंगलबार प्रतिनिधि सभाको बैठकमा बोल्दै प्रचण्डले भने । उनका अनुसार राजावादीको सक्रियता बढ्नुमा मुख्य जिम्मेवार सरकार र सत्तारुढ दलका व्यवहार हुन् ।

'मुख्य कुरा त त्यहाँ (राजावादीको प्रदर्शनमा) उत्रिएका नेपाली जनता हुन् । त्यसलाई जनताको असन्तोष, अव्यवस्था र कुशासनविरुद्ध जनताको आक्रोशको रूपमा बुझ्न ढिला गरियो भने धेरै ढिला हुनसक्छ,' सरकारलाई प्रचण्डको सुझाव छ । तर, प्रचण्डलाई आफ्नै व्यवहार ख्याल गर्न सत्तारुढ दल कांग्रेस र एमालेको आग्रह छ । कांग्रेसका महामन्त्री गगन थापा संघीय लोकतान्त्रिक गणतन्त्रलाई जोगाउन र अगाडि बढ्न सबै पक्ष उत्तिकै जिम्मेवार हुन आवश्यक रहेको बताउँछन् ।

जनताका असन्तुष्टि रहेको भनाइमा आफू सहमत रहेको उनी बताउँछन् । तर असन्तुष्टि बढ्नु वा रहनुमा माओवादी पनि उत्तिकै जिम्मेवार रहेको उनको भनाइ छ । वर्तमान सरकारकै कारण जनता रिसाएको र राजावादीको प्रदर्शनमा सहभागी भएको भन्ने प्रचण्डको अभिव्यक्ति व्यवहारत खण्डित रहेको महामन्त्री थापाको तर्क छ । '२०७२ सालमा संविधान आयो । यो नयाँ सरकार बन्नु अगाडिको ३३ सय ८४ दिनमा ३१ सय ७९ दिन अर्थात्, २०५ दिन बाहेक माओवादी कहिले सरकारको नेतृत्व गरेर र कहिले मुख्य साझेदार भएर सरकारमा रहेछ,' थापाले भने ।

एमालेका सचिव गोकर्ण बिष्ट पनि गणतन्त्रपछि माओवादीले पटक-पटक सरकारको नेतृत्व गरेको बताउँछन् । विगतमा आफू समेत सरकारमा रहेको सम्झेर राजावादीको गतिविधि बढ्नुमा अर्कोतिर अपजस नदेखाउन प्रचण्डलाई बिष्टको सुझाव छ । 'पटक-पटक सरकारको नेतृत्व गर्नुभएको छ । पटक-पटक तपाईंको पार्टी सरकारमा सहभागी भएको छ । यदि राम्रा काम भएका छन् भने जस लिनुपर्छ, कमजोरी छन् भने अपजस पनि लिनुपर्छ,' प्रचण्डलाई बिष्टको राय छ ।

प्रचण्डको अभिव्यक्तिले नै कतै राजावादीलाई प्रश्रय गरिरहेको त छैन भन्ने उनको गम्भीर प्रश्न छ । 'एउटा जिम्मेवार पार्टीको हैसियतले, एउटा जिम्मेवार नेताको हैसियतले गम्भीर हुन सक्नुहुन्न, मर्यादित हुन सक्नुहुन्न, संविधानको मर्यादाभित्र रहेर अभिव्यक्ति दिन सक्नुहुन्न भने त्यस प्रकारका अभिव्यक्ति र व्यवहारले कतै गणतन्त्रको विरोध गर्न चाहने शक्तिहरूलाई, संविधानको उल्लंघन गर्न चाहने शक्तिहरूलाई प्रश्रय त गरिरहेको छैन ?,' प्रचण्डलाई एमाले सचिव बिष्टको प्रश्न छ ।

*(स्रोत: अनलाइनखबर)*

# अस्वाभाविक भित्रिएको सवा ६ अर्बको लसुन गयो कहाँ ?

काठमाडौं / नेपालीका भान्सामा लसुन अपरिहार्य हो । मुलुकमै उत्पादित लसुनले माग धान्न नसक्ने भएपछि वार्षिक एकदेखि डेढ अर्ब रुपैयाँसम्मको लसुन आयात हुँदै आएको सरकारी तथ्यांकले देखाउँछ । तर, चालु आर्थिक वर्ष २०८१/८२ को सात महिनामा नेपालमा लसुन आयात अस्वाभाविक हिसाबले बढेको छ । यो परिमाणले नेपाली बजारमा तरंग ल्याएको छ । भन्सार विभागको तथ्यांक हेर्ने हो भने गएको सात महिना अवधिमा ६ अर्ब २६ करोड रुपैयाँ बराबरको लसुन नेपाल भित्रिएको छ ।

स्थानीय उत्पादनले नपुगेपछि वर्षमा डेढ अर्ब हाराहारीको लसुन आयात गर्दा माग धानिरहेको अवस्थामा अस्वाभाविक आयात तथ्यांकले बजार तरंगित भएको हो । अनि, गएको सात महिनामै ६ अर्ब २६ करोड रुपैयाँको लसुन आयात भएको सरकारी तथ्यांकमा देखिनु, तर बजारमा लसुन नदेखिनुले यसमा 'तस्करीको चलखेल' देखिने सरकारी अधिकारीहरूको अनुमान छ । उत्तरी छिमेकी चीनबाट ठूलो परिमाणमा लसुन आयात गरेर नेपाल ल्याउने र यहाँबाट तस्करी गर्दै दक्षिणी छिमेकी भारत पुऱ्याउने गरिएको सरकारी अधिकारीहरूको अनुमान छ ।

चालु आव सुरुदेखि नै लसुन आयात परिमाण देखेर सरकारी अधिकारीहरू नै अस्वाभाविक मान्दै आएका थिए । भारतले चीनबाट हुने लसुन आयातमा प्रतिबन्ध लगाएको छ, जसले गर्दा त्यहाँ लसुनको माग ह्वात्तै बढेका कारण भाउ पनि उकालो लागिरहेको छ । हाल भारतीय बजारमा चिनियाँ लसुनको भाउ किलोको ३ सय ५० देखि ४ सय भारु (५ सय ६० देखि ६ सय ४० नेपाली रुपैयाँ) सम्म रहेको छ । चीनमा लसुनको थोक मूल्य किलोको नेपाली १ सय ५० रुपैयाँसम्म पर्ने व्यापारीहरू बताउँछन् । यही मेसोमा मौका छोपेर नेपाली व्यवसायीले चीनबाट ठूलो परिमाणमा लसुन आयात गरेर नेपाल ल्याउन भ्याए ।

त्यसरी ल्याइएको ठूलो परिमाणको लसुन यहाँबाट भारत तस्करी गर्न लागिएका बेला भारतीय सीमानाकामा गत साउन र भदौमा राजस्व अनुसन्धान विभाग र नेपाल प्रहरीले बरामद गरेका थिए । यसबाट भारततर्फ लसुन तस्करी भइरहेको पुष्टि भएको थियो । आखिर सात महिनामै अस्वाभाविक रूपमा सवा ६ अर्बको लसुन किन नेपाल आयात भयो ? अनि, त्यसरी भित्रिएको लसुन कहाँ गयो त ?

पछिल्लो सात महिनामा नेपालमा आयात भएको लसुनको अस्वाभाविक परिमाणले नेपाली बजार तरंगित बन्नु अस्वाभाविक पक्कै होइन । भन्सार विभागको तथ्यांकले सात महिनामा अर्बौंको लसुन आयात भएको देखाएको छ । विभागको तथ्यांक अनुसार चालु आव २०८१/८२ माघसम्म चीनबाट मात्र ६ अर्ब २६ करोड रुपैयाँभन्दा बढीको लसुन आयात भएको छ । साउनदेखि माघसम्म चीनबाट मात्रै ४ करोड ७५ लाख ४९ हजार ३ सय ६७ किलो लसुन आयात भएको विभागको तथ्यांकमा उल्लेख छ ।

उक्त परिमाणको लसुनको मूल्य ६ अर्ब २६ करोड ३८ लाख ८४ हजार रुपैयाँ बराबर हुन्छ । लसुन आयातबाटै सरकारले १ अर्ब ६१ करोड ६७ लाख ८३ हजार बराबर राजस्व संकलन गरेको छ । गत आव २०८०/८१ को सात महिनाको भन्सारको तथ्यांक हेर्ने हो भने त्यस अवधिमा ९९ लाख ९१ हजार ४ सय २२ किलोमात्र लसुन आयात भएको थियो ।

**लसुन आयात अस्वाभाविक नै हो : भन्सार**

भन्सार विभागका सूचना अधिकारी मुक्तिप्रसाद श्रेष्ठ पछिल्लो सात महिनामा आयात भएको लसुनको परिमाण अस्वाभाविक नै मानिएको बताउँछन् । उनका अनुसार गत माघसम्म ठूलो परिमाणमा लसुन आयात भए पनि फागुन महिनामा भने आयात केही घटेको छ । सूचना अधिकारी श्रेष्ठ ठूलो परिमाणमा आयात भएको लसुन अवैध रूपमा निर्यात भएको हुन सक्ने बताउँछन् । उनका अनुसार आयात भएको लसुन कहाँ गयो भन्ने विषयमा अनुसन्धान भइरहेको छ ।

'नेपालले लसुन निर्यात गरेको तथ्यांक छैन, आयात गरेको तथ्यांकमात्र छ,' भन्सारका सूचना अधिकारी श्रेष्ठले संचारकर्मीसँग भने, 'ठूलो परिमाणमा आयात बढ्दा अवैध रूपमा निर्यात भएको हो कि भन्ने आशंका छ ।' लसुनको विषयमा कारण पत्ता नलगाई यही हो भन्न सकिने अवस्था नरहेको श्रेष्ठको भनाइ छ ।

**कृषि मन्त्रालय के भन्छ ?**

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका वरिष्ठ कृषि अर्थशास्त्री तथा सूचना अधिकारी महानन्द जोशी ठूलो परिमाणमा लसुन आयात भएर कता हरायो भन्ने विषय मुख्य रहेको बताउँछन् । 'हाम्रो क्वारेन्टिनसँग समन्वय नभएर पनि आयात भएको बुझिएको छ,' जोशीले भने, 'आयात भएको लसुन कहाँ गयो भन्ने विषयमा खोज्नुपर्छ ।' जोशीले लसुन आयातमा मन्त्रालयले कुनै रोक नलगाएको पनि बताए । दुई सातादेखि चीनबाट नेपाल भित्रिने लसुनमा रोक लगाइएको भन्ने बाहिर आएको विषयमा अहिलेसम्म कुनै पनि निर्णय नभएको उनको भनाइ छ ।

'आयातित वस्तुमा प्रतिबन्ध लगाउने निश्चित प्रक्रिया हुन्छ,' उनले भने, 'अहिले बजारमा आएका हल्लाको कुनै आधार छैन ।' आयात गर्ने देशबाट 'पेस्ट रिस्क एनालाइसिस' (पीआरए) अनुमति लिएको लसुन आयातमा कुनै समस्या नरहेको मन्त्रालयले जनाएको छ । नेपालमा चीनबाट आयात भएको लसुन अवैध तरिकाले भारत पठाइएको अनुमान सरकारी अधिकारीहरूको छ । तर, यसमा पनि कुनै आधार नदेखिएको मन्त्रालयका एक अधिकारीले बताए ।

**उपभोक्तालाई चाहिं महँगो लसुन**

देशको सबैभन्दा ठूलो तरकारी तथा फलफूल बजार कालीमाटी फलफूल तथा तरकारी बजारमा आज बुधबार एक किलो चिनियाँ लसुनको औसत मूल्य २ सय ७० रुपैयाँ छ । आमउपभोक्ताले एक किलो लसुन किन्न ४ सयदेखि ५ सय रुपैयाँसम्म तिर्ने गरेको बताउँछन् । यसरी ठूलो परिमाणमा लसुन आयात हुँदा पनि भाउ भने घटेको छैन । उपभोक्ता महँगो तिर्न बाध्य छन् ।

लसुन आयातमा कुनै रोकतोक नभएको र यो प्रतिबन्धित सामग्रीमा समावेश नहुने भएकाले नेपालमा आयात पनि सहज र भारतीय बजारमा पनि सहजै जान सक्ने सम्भावना रहेको भन्सार विभागको भनाइ छ ।

**"स्वदेशी उत्पादनले धान्दैन, चीनबाट आयात गर्नैपर्छ"**

स्वदेशमै उत्पादन भएको लसुनले माग धान्न नसक्ने भएपछि चीन लगायत देशबाट लसुन आयात गर्नुपर्ने बाध्यता रहेको कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका सूचना अधिकारी विनय श्रेष्ठ बताउँछन् । आउने वैशाख महिनादेखि मात्र बजारमा नेपाली लसुन किन्न पाइने उनी बताउँछन् । 'चीनबाट आयात भएको सबै लसुन नेपाली बजारमा रहेछ भने मूल्य घट्छ, अहिले सबै लसुन यहाँ छ कि छैन त्यो अनुसन्धानको विषय हो,' उनले भने, 'कालीमाटी तरकारी बजारमा चिनियाँ लसुन बिक्री भइरहेको छ र खपत हुने परिमाणमा नै लसुन आइरहेको छ ।'

उनका अनुसार नेपाल भन्दा बढी मूल्य भारतका व्यापारीले दिए भने यताका व्यापारीले सबै लसुन उतै पठाउन सक्छन् जसले गर्दा अभाव र महँगी चुलिने सम्भावना हुन्छ । 'चीनबाट आयात भएको लसुन भारत नै गएको सुन्नमा आएको छ,' श्रेष्ठले भने, 'यसबारे सम्बन्धित निकायले अनुसन्धान गर्लान् ।' सूचना अधिकारी श्रेष्ठका अनुसार गत वर्ष कालिमाटी तरकारी बजारमा स्वदेशी सहित गरेर ४ सय ३० टन लसुन भित्रिएको थियो ।

**नेपालमा लसुन खपत कति ?**

कृषि मन्त्रालयको तथ्यांक अनुसार नेपालमा वार्षिक १ अर्ब रुपैयाँभन्दा कमको लसुन खपत हुने गरेको छ । नेपालमा आव २०७९/८० मा ९ हजार ५ सय ७० हेक्टर क्षेत्रफलमा लसुन खेती गरिएको थियो ।

*(स्रोत: अनलाइनखबर)*

# निश्चलको कटाक्ष- 'आर्ट नै नबुझ्नेहरु सेन्सर गर्न बसेका छन्'



काठमाडौं / पछिल्लो समय एकपछि अर्को फिल्मले सेन्सरमा झमेला व्यहोरिरहेका छन् । कहिले हिंसात्मक दृश्य धेरै भएको भन्दै बोर्डले कैंची चलाउँछ त कहिले ठाउँको नाममा फिल्म बनाएको भन्दै प्रदर्शन अनुमति दिन अस्वीकार गर्छ । जसले गर्दा सेन्सर निरंकुश बनेको आरोप लागिरहेको छ । कला र सिर्जनामाथि अंकुश लगाउन खोज्ने बोर्ड खारेज हुनुपर्ने माग पनि बेला बखतमा उठिरहेको हुन्छ ।

यतिबेला फिल्म 'राजागंज' (पूजा, सर) सेन्सरमा रोकिएको विषयले फिल्मकर्मीहरु आक्रोशित बनेका छन् । केही दृश्य र शब्दमा आपत्ति जनाउँदै बोर्डले फिल्मलाई प्रदर्शन अनुमति नदिएपछि धेरैले बोर्ड सदस्यहरुको कलात्मक चेतमाथि नै प्रश्न उठाएका छन् । निर्देशक तथा अभिनेता निश्चल बस्नेतले त आर्ट नबुझ्नेहरु फिल्मको सेन्सर गर्न बसेको भन्दै कटाक्ष गरेका छन् ।

उनले फेसबुकमा लेखेका छन्, 'सेन्सरले 'राजागंज'लाई रोक्छ । सेन्सर बोर्डको सदस्य हुने योग्यता के हो ? डिसक्लेमर नबुझ्ने, फिल्ममा देखाएको सबैकुरा वास्तविकता हो भनेर बुझ्ने, फिक्सनको अर्थ नबुझ्ने । यस्तै हो चाहिने योग्यता ? फिल्म जति नै रियालिस्टिक भए पनि रियल हुँदैन । यो कलाको एक काम हो । आर्ट नबुझ्नेहरु फिल्म सेन्सर गर्न बसेका छन् । हाम्रो नेपालमा ।'

अर्का फिल्म निर्देशक तथा स्क्रिप्ट डक्टर मनोज पण्डितले अब नेपालमा राजनीतिक विषयमा फिल्म नै बन्न नसक्ने स्थिति आएको बताएका छन् । उनी फेसबुकमा लेख्छन्, 'नेपालमा राजनीतिक विषयमा चलचित्र नै बन्न नसक्ने स्थिति आइसक्यो जबकि, आज देशको मुल समस्या नै राजनीतिसँग जोडिएको छ ।'

त्यस्तै, 'शुभ लभ'का निर्माता एवं राप्रपा नेता प्रदीप कुमार उदयले प्रधानमन्त्रीको अभिव्यक्ति समेटिएका कारण 'राजागंज' सेन्सरमा रोकिएको विषयमा गणतन्त्र पक्षधर फिल्मकर्मीलाई प्रश्न गर्दै फेसबुकमा लेखेका छन्, 'हे गणतन्त्रवादी चलचित्रकर्मी मित्रहरु राजाको शासनमा बोल्न पाइन्न भन्थ्यौ । के अहिले चलचित्रमार्फत आफ्नो धारणा बोल्न पाइरहेका छौं ?'

सेन्सर बोर्डले ९ वर्षअघि एमालेको अध्यक्षको रुपमा प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान सभाबाट बाहिरिने मधेशी दलहरुलाई 'रुखबाट झरेका दुई-तीनटा आँप'को संज्ञा दिएको दृश्य 'राजागंज'मा समेटेकोमा आपत्ति जनाउँदै त्यो नहटाउने भए प्रधानमन्त्रीको कार्यालयबाट अनुमतिसहितको पत्र लिएर आउन निर्देशन दिएको छ । 'राजागंज' आगामी चैत १ गतेबाट प्रदर्शनको तयारीमा छ ।

# 'आउट ल' र 'अञ्जिला'ले कति पाए शो ?




काठमाडौं/होलीको दिन पारेर यही फागुन २९ गतेबाट प्रदर्शनमा आउन लागेका दुई फिल्म 'आउट ल : दफा २१९' र 'अञ्जिला' लाई देशभरका मल्टीप्लेक्सहरुले शो बाँडफाँड गर्दै अग्रिम टिकट बुकिङ खुलाएका छन् । दुवै फिल्मलाई राम्रो शो मिलेको छ । 'आउट ल'ले १०३ र 'अञ्जिला'ले ९८ शो पाएको खल्ती एपमा देखिन्छ । अब उपलब्ध शोलाई अकुपेन्सीमा बदल्नुपर्ने ठूलो चुनौती दुवै फिल्मलाई छ ।

दुवै फिल्म फरक-फरक विषयमा बनेका छन् । 'आउट ल' एक्सनप्रधान फिल्म हो । टिजर र ट्रेलरबाट पनि त्यो प्रष्ट हुन्छ । यसमा अभिनेता सुशील श्रेष्ठ एक्सन भूमिकामा प्रस्तुत छन् । 'अञ्जिला' भने बायोपिक फिल्म हो । नेपाली महिला राष्ट्रिय फुटबल टोलीकी कप्तान एन्जिला तुम्बापो सुब्बाले फुटबल खेलाडी बन्न गरेको संघर्षमा फिल्म आधारित छ ।

१६ वर्षमुनिका बालबालिकालाई अभिभावकको साथ चाहिने गरी सेन्सर बोर्डबाट 'पीजी सर्टिफिकेट' पाएको 'आउट ल'लाई विक्की महर्जनले लेखन तथा निर्देशन गरेका हुन् । अमित अग्रहरिको निर्माण रहेको फिल्ममा सुशीलसहित शिक्षा संग्रौला, नरेश पौड्याल, विशाल पहारी लगायतको अभिनय छ । फिल्ममा नविन गुरुङको छायांकन र साहिल खानको सम्पादन छ ।

मिलन चाम्सको निर्देशनमा तयार भएको 'अञ्जिला'मा कप्तान एन्जिला तुम्बापो सुब्बा स्वयं प्रमुख भूमिकामा छिन् । यसमा दयाहाङ राई, विजय बराल, सिर्जना सुब्बा, सुनिल थापा, माओत्से गुरुङ, प्रेमकुमार श्रेष्ठ लगायतको पनि अभिनय छ । फिल्ममा एन्जिलाको फुटबलप्रतिको चाह, घरबाहिर निस्कन गरेको सैर्षदेखि काठमाडौं आएर महिला फुटबल टिमको कप्तान हुँदासम्मको कथा छ ।

# अन्तत: सेन्सर पास भयो 'राजागंज', प्रदर्शनका लागि बाटो खुल्यो



काठमाडौं/आगामी चैत १ गतेबाट प्रदर्शनको तयारीमा रहेको फिल्म 'राजागंज' अन्तत: सेन्सर पास भएको छ । सोमबार सेन्सर बोर्डले केही दृश्य र शब्दमा आपत्ति जनाउँदै प्रदर्शन अनुमति नदिएपछि बुधबार दिउँसो निर्माता पुन: सेन्सरका लागि पुगेका थिए । बोर्डले राखेका सबै सर्तहरु मान्न तयार भएपछि फिल्मले सबै उमेरका दर्शकले हेर्न मिल्ने गरी 'युनिभर्सल सर्टिफिकेट' प्राप्त गरेको छ ।

बोर्डले २०७२ सालमा एमालेको अध्यक्षको रुपमा प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान सभाबाट बाहिरिने दलहरूलाई 'झरेका आँप'को संज्ञा दिएको दृश्य फिल्ममा समेटेकोमा आपत्ति जनाउँदै सच्चाएर ल्याउन वा प्रधानमन्त्री कार्यालयबाट अनुमतिसहितको पत्र लिएर आउन निर्देशन दिएको थियो । अन्य केही शब्दमा पनि बोर्डले आपत्ति जनाएको थियो । अब फिल्ममा प्रधानमन्त्रीको भाषण हटाइने र अन्य केही शब्दमा म्युट गरिने जनाइएको छ ।

सेन्सर पास नभएसम्म देशभित्र फिल्म प्रदर्शन गर्न नपाइने व्यवस्था छ । तर, 'राजागंज'को सेन्सर नहुँदै विर्तामोड, इटहरी, चितवन जस्ता सहरमा प्रिमियर गरिएको थियो । फिल्मको काठमाडौं प्रिमियर बुधबार राखिएको छ । फिल्मको सेन्सर रोकिँदा प्रिमियर र प्रदर्शन दुवै अन्योल बनेको थियो । अब सेन्सर पास भइसकेकाले फिल्मलाई प्रदर्शन गर्न कुनै रोकावट छैन ।

दीपक रौनियार निर्देशित फिल्ममा आशा मगराती, दयाहाङ राई, ऋचा शर्मा, पशुपति राई, विजय बराल, गौमाया गुरुङ, निकिता चाण्डक, पुष्पा यादव, आरती मण्डल, घनश्याम मिश्र, परमेश्वर कुमार झा, नीरज श्रेष्ठ लगायतको अभिनय रहेको छ । फिल्मले अपहरणमा परेका सभासद् र विद्यालयकी प्रधानध्यापकका छोरालाई मुक्त गराउन प्रहरीले चालेको खोजी अप्रेसनको कथा भन्छ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
*The complete office solution*
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com





**विद्यार्थीलाई शुभकामनासहित बिदाई** : मकवानपुरको मनहरी-४ मा रहेको पशुपतिनाथ माविका कक्षा १० का विद्यार्थीलाई एसइइ परीक्षाको सफलताको शुभकामनासहित बिदाई गरिएको छ । बुधबार विद्यालयकी प्रधानाध्यापक सपना लामा, सप्रअ सुशील गौतम, शिक्षक प्रतिनिधि ईश्वर रिजाललगायत शिक्षकले विद्यार्थीलाई बिदाई गरेका थिए । *तस्बिर: साझाकुरा*

# अपराधसम्बन्धी प्रदेशस्तरीय समीक्षा गोष्ठी सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ बागमती प्रदेशस्तरीय अपराध समीक्षा गोष्ठी काभ्रेको धुलिखेलमा सुरु भएको छ । नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग एवम् बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाको आयोजनामा सुरु गोष्ठीमा प्रदेशका १० जिल्लाका प्रहरी प्रमुखसहित अपराध अनुसन्धानमा कार्यरत अधिकृतको उपस्थिति रहेको छ ।

कार्यक्रममा बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले न्याय सम्पादनमा पीडितले न्याय र पीडकले सजाय पाउनुपर्ने बताए । नेपालमा वन्यजन्तु तस्करी, लागुऔषध बेचबिखन, ओसारपसार तथा पैठारी, मानवबेचबिखन, जुवा, आतंकवाद, साइबर क्राइम तथा वित्तीयअपराध, प्रमुख अपराध तथा चुनौतीको समेत सामना गर्नुपरेको उनको भनाई छ । मन्त्री लामिछानेले यस्ता घटनाको छानबीनमा पनि निपुर्ण हुन सबै प्रहरी अधिकृतलाई आग्रह गरे ।

कार्यक्रममा प्रहरी महानिरीक्षक वसन्तबहादुर कुँवरले बागमती प्रदेशमा सात हजार तीन सय ४ प्रहरी कर्मचारी रहेको जानकारी गराउँदै एक प्रहरी बराबर चार सय २३ जना नागरिकको सुरक्षामा खट्नुपर्ने बाध्यता रहेको बताए । गत आर्थिक वर्षमा मुलुकभर ६० हजार मुद्दा दर्ता भएकामध्ये बागमती प्रदेशमा आठ दशमलव ७९ प्रतिशत, अर्थात् पाँच हजार एक सय ९७ मुद्दा दर्ता भएको उनले जानकारी दिए ।

बढ्दो सहरीकरण, आर्थिक गतिविधि, मुख्य राजमार्गमा दुर्घटना, आत्महत्या, जबरजस्ती करणी, लागुऔषध, बैंकिङकसुर, चोरीका घटना अत्यधिक देखिएकाले यसको न्यूनीकरणमा लाग्नुपर्ने उनले बताए । कार्यक्रममा उच्चअदालत पाटनका न्यायाधीश श्यामकुमार भट्टराईले जाहेरी दर्ता नगर्ने प्रवृत्ति त्याग्न आग्रह गर्दै जाहेरी दर्ता गरेर अनुसन्धानमा प्रमाणित नभए 'दरपिठ वा तामेली'मा राख्न सकिने प्रावधान रहेको बताए । बागमती प्रदेशस्तरीय अपराध समीक्षा गोष्ठी बिहीबार सम्पन्न हुने बताइएको छ ।

# सर्वोच्च अदालतको वार्षिक प्रतिवेदनमा के छ ?

काठमाडौं, २८ फागुन/ प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले मंगलबार राष्ट्रपति रामचन्द्र पौडेललाई सर्वोच्च अदालतको आर्थिक वर्ष २००/०८१ को वार्षिक प्रतिवेदन बुझाए । सर्वोच्च अदालत लगायत मातहतका अदालत एवं न्यायाधीकरणमा भइरहेका कामकार बाही प्रतिवेदनमा उल्लेख छन् ।

वार्षिक प्रतिवेदनअनुसार, अघिल्लो वर्ष देशभरका अदालतमा १ लाख ६० हजार मुद्दा थिए । एक वर्षको अवधिमा झन्डै २ लाख २८ हजार मुद्दा थपिए भने २ लाख २६ हजार मुद्दा फैसला भए । त्यसले गर्दा एक वर्षको अवधिमा देशभर २ हजार मुद्दा बढेको प्रतिवेदनमा उल्लेख छ । सर्वोच्च अदालतले अघिल्लो वर्षको तुलनामा करिब ११ प्रतिशत बढी मुद्दा फैसला भएको जनाएको छ ।

सर्वोच्च अदालतले गत आर्थिक वर्षमा मुद्दाको संख्या केही घटाएको देखिन्छ । २८ हजार ४३२ मुद्दा अघिल्लो वर्षमा बाँकी रहेकोमा सर्वोच्च अदालतले गत आर्थिक वर्षमा साढे १५ हजार मुद्दाको फैसला गऱ्यो । र, मुद्दाको संख्या पनि घटेर २५ हजार ७२८ भएको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा करिब २२ प्रतिशत बढी मुद्दा फर्स्योट भएको थियो ।

वार्षिक प्रतिवेदनअनुसार देशभर एक लाख ७१ हजार ६ सय वर्ष कैद असुल हुन बाँकी छ । त्यसमध्ये गत आर्थिक वर्षमा करिब ५७ हजार वर्ष कैद असुल भएको थियो । अझै पनि एक लाख १४ हजार वर्ष कैद असुल हुन बाँकी छ । त्यसैगरी ४४ अर्ब ५० करोड रुपैयाँ जरिवाना असुल हुन बाँकी रहेकोमा गत आर्थिक वर्षभरमा १२ अर्ब ३८ करोड रुपैयाँ असुल भएको छ । सर्वोच्चले तोकेको जरिवानामध्ये ३२ अर्ब ११ करोड रुपैयाँ अझै असुल हुन बाँकी छ ।

**चाप बढ्यो, जनशक्ति छैन**

सर्वोच्च अदालतले पछिल्लो समय देशभरका अदालतमा कामको चाप बढेको औंल्याउँदै लामो समयदेखिका मुद्दा टुंग्याउनु चुनौती रहेको स्वीकारेको छ । न्यायिक क्षेत्रमा सूचना प्रविधिको प्रयोग एवं सेवा प्रवाहको प्रभावकारिता बढाउनुपर्ने औंल्याउँदै उसले आफैंले बजेट व्यवस्थापन गर्न पाउनुपर्ने भनी वित्तीय स्वायत्तताको माग गरेको हो । अदालतहरूमा मुद्दाको चाप निकै बढेको औंल्याउँदै सर्वोच्च अदालतले त्यसलाई कम गर्न क्षेत्राधिकारको पुनरावलोकन हुनुपर्ने, न्यायाधीशहरूको दरबन्दी समीक्षा हुनुपर्ने जनाएको हो ।

२०६१ सालको तुलनामा अदालतहरूमा तेब्बर मुद्दा बढेको भन्दै सर्वोच्च अदालतले त्यसको अनुपातमा कर्मचारीहरूको संख्या नबढेकोमा ध्यानाकर्षण गराएको हो । उसले त्यसका लागि संवैधानिक र कानुनी व्यवस्था संशोधन गर्नुपर्ने भए त्यसका लागि समेत तयार हुनुपर्ने सुझाव दिएको छ । सर्वोच्च अदालत स्वयंले प्रतिवेदनमार्फत संवैधानिक इजलासको प्रभावकारितामा चौतर्फी प्रश्न उठेको स्वीकारेको छ । हप्ताको एक दिन मात्रै संवैधानिक इजलासमा मुद्दाको सुनुवाइ हुने र सुरुदेखि पाँचजना सबै न्यायाधीश संलग्न हुनुपर्ने भएकाले मुद्दाको फर्स्योटमा ढिलाइ हुने गरेको स्वीकारेको छ । उसले संवैधानिक इजलासलाई प्रभावकारी बनाउन छुट्टै संगठन सर्वेक्षण हुनुपर्ने अनि बजेट र जनशक्तिको व्यवस्थापन हुनुपर्ने औंल्याएको छ ।

सामान्य परिस्थितिमा सेवाग्राहीलाई एक घण्टाभित्र सेवा दिने रणनीति बनाइएको भन्दै सर्वोच्च अदालतले सेवाग्राहीलाई न्यायको पहुँचका लागि जिल्ला, उच्च र सर्वोच्चमा वैतनिक कानुन व्यवसायीको व्यवस्था फराकिलो बनाइने जनाएको छ । गत असोजमा काठमाडौं जिल्ला अदालतबाट पारिवारिक इजलास गठन गरेको सर्वोच्चले आगामी वर्षदेखि मोरङ, धनुषा, कास्की, रुपन्देही, बाँकेमा समेत पारिवारिक अदालत विस्तार गर्ने भएको छ ।

न्यायिक काम-कार बाहीमा सूचना प्रविधिको विकासलाई प्राथमिकतामा राखिएको औंल्याउँदै सर्वोच्च अदालतले स्रोत-साधनको अभावले त्यसलाई विस्तार गर्न नसकिएको स्वीकारेको छ । अदालतमा कार्यरत न्यायाधीश र पदाधिकारीहरूको अनुपातमा न्यायालयको भवन पर्याप्त र काम गर्ने वातावरण अनुकुल नभएको औंल्याउँदै सर्वोच्च अदालतले बजेट नै त्यसको समस्या रहेको जनाएको छ ।

**क्षेत्राधिकार पुनरावलोकन**

सर्वोच्च अदालतमा अत्यधिक मुद्दाको चाप बढेको औंल्याउँदै प्रतिवेदनमा अदालतको क्षेत्राधिकारहरूको पुनरावलोकन हुनुपर्ने जनाइएको छ । त्यसका लागि सबै मुद्दाको कारबाही जिल्ला अदालतबाट सुरु हुनुपर्ने र उच्च अदालतमा अन्त्य हुनुपर्ने व्यवस्था राख्न सुझाव दिएको छ ।

उसले त्यसका लागि कानुन मन्त्रालयको सहयोग आवश्यक पर्ने औंल्याएको छ । सबै विवाद न्याय निरुपणबाट मात्रै टुंग्याउन सम्भव नहुने भन्दै सर्वोच्च अदालतले मेलमिलापको प्रक्रियालाई प्रभावकारी बनाउनुपर्ने सुझाव दिएको छ ।

*(स्रोत: अनलाइनखबर)*

# गैरसरकारी संस्था महासंघको केन्द्रीय सचिवमा पुन: लामा

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ गैरसरकारी संस्था महासंघ (एनजीओ फेडेरेसन) नेपालको केन्द्रीय सचिवमा मकवानपुरका बुद्धशरण लामा पुन: चयन भएका छन् । महासंघको काठमाडौंमा भएको ११ औं राष्ट्रिय महाधिवेशनबाट उनलाई बागमती प्रदेशबाट दोस्रोपटक सचिव पदको जिम्मेवारी दिइएको हो ।

गैरसरकारी संस्था महासंघको निवर्तमान केन्द्रीय सचिव एवम् पूर्वकेन्द्रीय सदस्य तथा बागमती प्रदेश ईन्चार्ज रहेका लामा गैरसरकारी संस्था महासंघ मकवानपुरको पूर्वअध्यक्ष हुन् । केन्द्रीय सचिवमा पुन: चयन भएपछि लामाले सहयोग एवम् समझदारीको लागि सबै केन्द्रीय कार्यसमिति र प्रतिनिधि सदस्यलाई धन्यवाद दिएका छन् । 'गैसस महासंघ नेपालको केन्द्रीय कार्यसमितिको ३० औं साधारणसभा तथा ११ औं महाधिवेसनबाट मलाई केन्द्रीय सचिवमा पुन: निर्वाचित गराउन महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएका सबै प्रतिनिधि साथीहरुलाई आभार व्यक्त गर्न चाहन्छु' लामाले भने ।

गैरसरकारी संस्था महासंघ मकवानपुरको कोषाध्यक्ष, सचिव, उपाध्यक्ष हुँदै अध्यक्ष भएका लामाले मध्यमाञ्चल क्षेत्रीय अध्यक्ष र बागमती प्रदेश अध्यक्षको भूमिका समेत निर्वाह गरिसकेका छन् । २८ बर्षदेखि गैरसरकारी संस्थामा क्रियाशील लामा युवा सेवा समाज (युसेस) मकवानपुरको अध्यक्षाको रुपमा क्रियाशील छन् । गैरसरकारी संस्था महासंघको महाधिवेशनले १५ पदाधिकारीसहित ५१ सदस्यीय नयाँ कार्यसमिति चयन गरेको छ ।

राष्ट्रियसभागृहमा भएको महाधिवेशन, ३० औं वार्षिक साधारण सभा तथा राष्ट्रिय नागरिक सम्मेलनले अर्जुन भट्टराईको अध्यक्षमा सर्वसम्मत नयाँ कार्यसमिति चयन गरेको हो । वरिष्ठ उपाध्यक्षमा नानीमाया थापा, उपाध्यक्षद्वयमा राजेन्द्र शर्मा र सञ्जय लम्साल, महासचिवमा देवी खड्का, उपमहासचिवमा भवराज रेग्मी र किरण थापा तथा कोषाध्यक्षमा गोविन्द शाही चयन भएका छन् ।

सात प्रदेशबाट प्रतिनिधित्व रहनेगरी ७ जना सचिव चयन भएका छन् । कोशीमा सरिता आङदेम्बे, मधेशमा रामचन्द्र साह, बागमतीमा बुद्धशरण लामा, गण्डकीमा राजेन्द्र प्रसाद पौडेल, लुम्बिनीमा नमस्कार साह, कर्णालीमा जजराज शाही र सुदूरपश्चिममा सावित्रा घिमिरे (बिक) सचिव बनेका छन् ।

# स्ववियु चुनाव : कतै ताला, कतै झमेला



काठमाडौं, २८ फागुन/ त्रिभुवन विश्वविद्यालयको स्ववियु चुनावको काठमाडौं उपत्यकासहित विभिन्न क्याम्पसमा प्रक्रिया रोकिएको छ । मंगलबार उम्मेदवार मनोनयनको क्रममा विवाद भएपछि कतै ताला लागेको छ भने कतै मनोनयन नै हुन सकेको छैन ।

काठमाडौं उपत्यकाको पाँच वटा क्याम्पसमा प्रक्रिया रोकिएको छ । सरस्वती क्याम्पसमा मतदाता सूचीमा विवाद हुँदा तालाबन्दी छ । नेपाल ल क्याम्पसमा संघसंगठन नै दर्ता भएको छैन । त्रिविका अनुसार ल क्याम्पसमा सुरुदेखि नै विवाद भएको हो । पब्लिक युथ क्याम्पसमा मतदाता नामावलीमा विवाद भएपछि प्रक्रिया अगाडि बढेको छैन । थापाथली इन्जिनियरिङ क्याम्पसमा एउटै संगठनको दुई वटा उम्मेदवारी परेपछि तालाबन्दी भएको छ । शंकरदेव क्याम्पसमा मतदाता सूचीमा विवाद भएपछि तालाबन्दी छ ।

धनुषाको रामस्वरुप रामसागर बहुमुखी (राराब) क्याम्पसमा भर्नाको विषयलाई लिएर प्रक्रिया नै अगाडि बढेको छैन । त्रिविका अनुसार तीन -चार वटा विद्यार्थी संगठनले ताला लगाएका छन् । सुर्खेत बहुमुखी क्याम्पसमा कोहिले दर्ता गरेको र कसैले गर्न नपाएको भन्दै विवाद छ । सुर्खेतमा समझदारीको प्रयास भइरहेको छ । बुटवल र भैरहवा क्याम्पसमा पनि तालाबन्दी छ । स्ववियु निर्वाचनको उम्मेदवारीको विषयलाई लिएर नेपाली कांग्रेसनिकट विद्यार्थी संगठन नेविसंघले विश्व विद्यालय क्याम्पसमा ताला लगाएको छ । त्रिवि क्याम्पसमा नेविसंघका दुई समूहले उम्मेदवारी मनोनयन गरेका थिए ।

दिपकराज जोशी र अनोज कार्की अध्यक्ष रहेको दुईवटा समूहको उम्मेदवारी परेकोमा निर्वाचन अधिकृतको कार्यालयले जोशी अध्यक्षको उम्मेदवार रहेको सूचीलाई मात्र समावेश गरेपछि कार्की समूह असन्तुष्ट हुँदै ताला लगाएको हो । नेविसंघको आन्तरिक विवादका कारण दोहोरो उम्मेदवारी परेको छ । जसका कारण तालाबन्दी भएको हो । विवादित भएको ठाउँमा सहमतिको प्रयास भइ रहेको त्रिविले जनाएको छ । 'प्रक्रिया रोकिएको ठाउँमा वार्ता र संवाद जारी छ,' त्रिवि विद्यार्थी कल्याण परिषद्का सदस्यसचिव पशुपति अधिकारीले भने ।

**सटर भाडामा**

मेनरोड हेटौंडा-१०, बैकरोड, भूटनदेवी मोड नजिक २ वटा सटर,अफिसको लागि कोठा भाडामा रहेकोले इच्छुक महानुभावहरुले तुरुन्त सम्पर्क राख्नुहोला ।

**सम्पर्क नं. ९८४९०१०३३६**

# सहकारीको समस्या हलगर्न ७ बुँदे साझा अवधारणा जारी



साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ बागमती प्रदेश सरकारले सहकारीको समस्या हल गर्न ७ बुँदे साझा अवधारणा जारी गरेको छ ।

बुधबार सहकारी तथा गरिबी निवारण मन्त्रालयको आयोजनामा भएको सहकारी क्षेत्रमा देखिएका समस्या समाधान तथा अवसर विषयमा प्रदेशस्तरीय गोष्ठीले ७ बुँदे साझा अवधारणा जारी गरेको हो । प्रदेश सरकारले सहकारी समस्या हल गर्न लेखापरीक्षण तथा साधारणसभा नगर्ने सहकारीको जोखिम नियन्त्रण गर्ने भएको छ । प्रदेशको सहकारी तथा गरिबी निवारण मन्त्रालयमार्फत् ३ वर्षदेखि लेखापरीक्षण तथा साधारणसभा नगर्ने सहकारीको जोखिम नियन्त्रण गर्न भूमिका निर्वाह गर्ने भएको हो ।

अवधारणापत्रमा सहकारी महासंघ, सहकारी बैंक, प्रदेश सहकारी संघ, प्रदेश बचत तथा ऋण सहकारी संघ, प्रदेश कृषि सहकारी संघ, १२ वटै जिल्ला सहकारी संघहरु, १३ वटै जिल्ला बचत तथा ऋण सहकारी संघले अवधारणपत्र अनुसार समस्या समाधानमा प्रतिबद्धता गरेका हुन् । प्रतिबद्धताअनुसार सहकारीमा सुशासन प्रवर्द्धनमार्फत् गुणस्तरीयता वृद्धिका लागि विभिन्न कार्यक्रममा सहभागी गराउन निर्देशन जारी गर्ने र बजेटको व्यवस्था गर्ने भएको छ ।

सहकारी अभियानले जिम्मेवारी लिई संस्थालाई सुशासित गराउनका लागि कार्यक्रमको सहजीकरण गर्ने प्रतिबद्धता रहेको छ । त्यस्तै समस्यामा परेका सहकारी संस्थाको पहिचान गरी अनुगमन प्रभावकारी बनाउने र समस्या समाधानका लागि छलफल गरी अघि बढ्ने अवधारणपत्रमा उल्लेख गरिएको छ । सहकारी संस्थाका विरुद्धमा परेको उजुरीका विषयमा नियामक निकायले संघलाई जानकारी गराई प्रभावकारी सञ्चार प्रक्रिया अवलम्बन गरिने भएको छ ।

प्रदेशभित्रका सक्रिय संघहरुको साझा कार्यसूचीको आधारमा सहकारीको तथ्यांक संकलन, सम्पादन र प्रकाशन गर्ने, उत्पादनसँग जोडिएका सहकारीको समस्या समाधानका नियामक निकायमा परामर्श गरी सहजीकरण गर्ने, प्रदेशको वस्तुस्थिति र आवश्यकताको आधारमा प्रदेश सहकारी ऐन र नियमावली संशोधनका लागि जिम्मेवार भूमिका निर्वाह गर्ने, संघीय ऐनका व्यवस्थाले सहकारी अभियानमा पर्ने नकारात्मक प्रभावलाई प्रभावकारी पैरवीका माध्यमबाट निरुपण गर्ने लगायतका प्रतिबद्धता रहेको छ ।

# नापतौल दर्ता नवीकरण सम्पन्न

साझाकुरा संवाददाता

हेटौंडा, २८ फागुन/ व्यवसायीले आफ्ना बस्तु बिक्रीको क्रममा प्रयोग गर्ने नापतौल उपकरणहरु नियमित जाँच, दर्ता तथा नवीकरण गर्नुपर्ने हुन्छ ।

मकवानपुर उद्योग वाणिज्य संघको समन्वय तथा व्यवस्थापनमा गुणस्तर तथा नापतौल कार्यालय वीरगंजबाट खटिआउने टोलीमार्फत नापतौल उपकरणहरु जाँच, दर्ता तथा नवीकरण गरिएको हो । मकवानपुरका व्यवसायीले आफ्नो कार्यस्थलमा प्रयोग गर्ने नापतौल उपकरणहरु गुणस्तर तथा नापतौल कार्यालय वीरगंजबाट जाँच गराइ दर्ता तथा नवीकरण गर्नुपर्दछ । व्यवसायीलाई मकवानपुर जिल्लाका विभिन्न स्थानबाट वीरगंजसम्म गइ नापतौल उपकरण दर्ता तथा नवीरकण गर्न सहजता छैन ।

संघले विगतदेखि नै गर्दै आएको र यसपटक संघले फागुन २५ देखि २७ गतेसम्म तीनदिन नापतौल कार्यको व्यवस्थापन गरेको थियो । फागुन २५ गते संघ भवनमा, २६ गते भीमफेदी र हेटौंडा बसपार्कस्थित माछामासु बजारमा र २७ गते चौघडामा नापतौल उपकरणहरु दर्ता तथा नवीकरण गरेको थियो ।

नापतौल टोलीका अनुसार यसपटक कुल १४३ जना व्यवसायीले आफ्नो नापतौल उपकरण दर्ता तथा नवीकरण सेवा लिएको र अन्य ईच्छुक व्यवसायीलाई जानकारीमूलक परामर्श दिइएको थियो । त्यसैगरी सुनचाँदी व्यवसायीलाई संघको सहजिकरणमा नापतौलसम्बन्धी प्रशिक्षणसमेत दिइएको संघका कार्यकारी सचिव पवन कार्कीले जानकारी दिएका छन् ।

**माघ १७ गतेदेखि सञ्चालनमा**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

**हेटौंडाबाट छुट्ने समय**
बिहान : ७:३० बजे
बिहान : १०:०० बजे
दिउँसो : १:३० बजे

**सिन्धुलीबाट छुट्ने समय**
बिहान: ९:०० बजे
दिउँसो : २:३० बजे
दिउँसो : १२:१५ बजे

**चकमकेबाट छुट्ने**
बिहान : ६:०० बजे
विहान : ९:०० बजे

**नोट** :
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना